# प्रदेश सभा

## गण्डकी प्रदेश
## विशेष अधिवेशन

### (पाँचौं बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७७/१०/०४ गते, दिनको १:०० बजे ।

प्रदेश सभा, गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ६ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु आजको बैठकको कारबाही प्रारम्भ हुन्छ माननीय सदस्यहरु सर्वप्रथम म सङ्कल्प प्रस्ताब दर्ता गर्ने माननीय सदस्य श्री कृष्ण चन्द्र नेपाली पोखरेललाई आफ्नो सङ्कल्प पेश गर्न अनुमति दिन्छु । समय २० मिनेट ।

सभामुख महोदय ई.स. २०१९ को अन्त्यमा चिनको गोहान सहरबाट प्रारम्भ भएर मानव जिवनलाई प्रभावित गरेको कोभिड -१९ को यो महामारीले युरोप अमेरीका हुँदै नेपाल लगाएत सम्पूर्ण यसियाली मुलुकको जनजिवन र जिवनको सर्वाङ्गीढ गतिलाई स्थीर र आक्रमन्त बनाएको एक वर्ष हुन लागेको छ । मानव सभ्यताले विशेषगरी विज्ञान मार्फत गरेको प्रगति र उपलब्धीले सदैब हामीलाई सर्वश्रेष्ठ प्राणी हुनुको गौरबले आत्ममुग्ध बनायो मानव चाहाना खोज र महत्वकाङ्छाको परिधि असोधित अनन्त हुन लाग्यो

अन्तरिक्षमा विभिन्न ग्रह र उपग्रहहरुमा मानवबस्ती बसाल्ने योजनाको कार्यान्वयन हामीबाट भगत केही वर्षको दुरीमा थियो प्रकृतिले रचेको जिवनको समानान्तर भर्चुअल जिवनको स्थापना गरेर सर्वसमर्थवान युगको संघोष गरेको थियो माननीय सभामुख ज्यू यी सम्पूर्ण गौरव सामर्थ्य उपलब्धी र श्रेष्ठता एउटा भाईरसको सामु निरीह असमर्थ भएर मानव जिवन बन्धी बनेको छ । अपार साधन स्रोत सम्पन्न सक्तिशालि राष्ट्रहरु अमेरीका देखि युरोप सम्म दक्षिण पुर्वी यसियाली राष्ट्रदेखि दक्षिणी अमेरीकी राष्ट्र कोरोनाको सामु निरिह सावित भईरहको बेला नेपाल जस्तो विकासोन्मुख राष्ट्र त्यसमा पनि सिमिति स्रोत, साधन र अधिकार भएको गण्डकी प्रदेश सरकारले कोरोनालाई हराउनु पर्छ यसको दुसःसंक्रमणबाट प्रदेशको जनतालाई सम्पूर्ण रुपले सुरक्षीत राख्नु पर्थ्यो भन्नु अव्यबहारीक मात्र होईन अविवेक पनि हुनेछ ।

कोभिड -१९ को असरबाट प्रदेशलाई बचाउन जनताको जनजिवन सहज गर्न गण्डकी प्रदेश सरकारले केही पनि गरेन कत्तीपनी गरेन भन्नु न्याय सम्बत् हुँदैन तर भएको स्रोत साधनको अधिकतम सदुपयोग गर्न सामर्थ्य अनुसारको स्रोत साधन उपलब्ध गराउन समयमै सतर्कता अपनाई उच्चतम तयारीका साथ सम्भीरतापूवर्क कार्यान्वयनमा सरकार चुकेकै हो । गण्डकी प्रदेश सरकार समस्याको पहिचान गरि समाधानको पहल भन्दा प्रचारबाजी गर्ने दोष अन्त कतै सर्काउने ………… भएर अनिर्णय र अकर्मयताको बन्दी बनेको कति यतार्थता हो । जनता दबाई नपाएर अस्पतालमा बेड नपायर समयमा उपचार नपाएर घरमा, ट्याक्सीमा, अस्पतालको प्राङ्गणमा मृत्युबरण गर्न बाध्य भए सरकारी अस्पतालमा भर्ना नपाएर भर्ना पाएको उचित उपचार नपाएर निजी

अस्पताको सरणमा जानु परेको तर अस्पतालको अस्वभाविक उपचारखर्च तिर्न घर घडेरी बेच्नु परेको तिर्न नसक्नेले आत्महत्या समेत गरेको हृदय विधा र घटनामा सरकाको गैर जिम्मेवारी पन देखियो असम्बेदनशिल भयो हृदयलाई …….. बनायो जनताको जिवनरक्षाको पहल र प्रयत्न गर्नुको साटो आफ्नो पाटीको आन्तरिक समस्यामा दोहोरी खेल्न व्यस्त भयो सरकार र सरकार प्रमुख कोरोनाको लागि प्रदेश सभाले पास गरेको बजेट परिचालित गरेन जनता बचाउन यो सरकारले निर्दयिताको पराकाष्ट नि मान्नु पर्छ जनताले चन्दा दिएर सबल बनाएको कोरोना कोषको करोडौ रुपैयाँ बैंकमा रहे तर जनताको जिवन बचाउन प्रयोग गरिएन सरकार बोली मात्रै रहने आत्म मुग्ध भएर स्व.प्रशंसामा रमाउने निर्णय गर्ने तर लागु नगर्ने निर्देशन दिने कार्यान्वयन नगर्ने प्रतिपक्षलाई सकरात्मक सुझावलाई आत्मसाथ गरि व्यवहारमा नउतार्ने प्रवृत्ती चिन्ताजनक छ । संघ सरकारले कोरोना संक्रमितको आफुले विचार नगर्ने अमानविय घोषणा गऱ्यो गण्डकी प्रदेश सरकारले त्यो घोषणाको विरोध गऱ्यो चुनौति दियो संघले नगरेपनि प्रदेश सरकारले जनताको निःशुल्क उपचार गर्ने निर्णय गरायो तदनुरुप घोषणा गरायो प्रदेश सरकारको सत्कार्यको हामीले मुक्त कण्ठले प्रशंसा गर्यौ । संघियता सबल बनाउने ऐतिहासिक ऐजेन्ट भन्यौं गण्डकी प्रदेश सभा सदस्य भएकोमा गर्भाम्बित हुने अबसर बनायो सरकारले कार्तिक ४ मा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पतालले कोरोनाको उपचारको लागि शुल्क र धरौटी रकमबारे सुचना निकाल्यो । सरकारले निर्णय गरि घोषणा गऱ्यो तर त्यसको कार्यान्वयनका लागि आर्थिक र अन्य व्यबस्था गरेन खर्च बापत बजेट नदिने आदेश र निर्देशन मात्र दिएर निःशुल्क उपचार हुँदैन भन्ने सामान्य ज्ञान नभएर हो वा

बोल्ने तर नगर्ने रोगले संक्रमित भएर हो वा जनताको पिडामा मजाक गरेर आनन्द लिने प्रवृत्ती हो यसको जवाफ माननीय मुख्यमन्त्री ज्यूले पक्कै दिनुहोला नेपालमा २४ जनवरी २०२० मा कोरोनाको पहिलो केस देखियो त्यसको ६० दिन पछि २३ मार्च २०२० मा दोस्रो केस देखियो नेपाली काँग्रेस, जनता समाजवादी पार्टी नेपाल मात्रै होईन सत्ता पक्षकै माननीय सदस्यज्यूहरुले  सम्भावित खतराप्रति प्रदेश सरकारलाई सचेत गराउँदै पूर्व तयारीको लागि अनुरोध गरौं सरकारले सो गम्भीरता बुँझेन चिनको बुहानबाट १८ सय २४ घण्टा लकडाउन भयो तर नेपालमा २३ सर ५९ घण्टा लकडाउन गरियो लकडाउन भनेको सरकारले आफ्ना प्रयत्नका लागि तयारीका लगि जनतासँग मागेको रुपमा लिईयो त्यो अवधिको अधिकतम सदुपयोग गर्नुको साटो लकडाउन नै कोरोनाबाट बच्ने अस्त्रको रुपमा बुझ्यो सरकारले कोरोनाका कारणले लकडाउनले देशका कलकारखाना उद्योग पर्यटन व्यवसायहरु कोमामा पुगे बैदेशिक रोजगार गुमाएर ठुलो सङ्ख्यामा नेपालीहरु घर फर्किए । नैरास्य स्थितिमा रहेको उद्योग व्यवसायलाई बचाउन १ अरबको व्यवसाय जिवन रक्षा कोष र प्रदेश सरकारले अनुमोदन गऱ्यो व्यरोजगार नागरिकलाई रोजगार प्रदान गर्ने र स्वरोजगार बनाउने कार्यक्रम र बजेट पास गरेको ६ महिना भईसकस्दापनि व्यवसायको जिवन रक्षा गरियो ? कतिलाई रोजगार दिईयो कतिलाई स्वरोजगार बनाईयो सदनलाई जानकारी हुनेनै छ । नेपाली काँग्रेस र जनता समाजवादी पार्टी नेपालले संयुक्त र एक्लाएक्लै पटक पटक सदनमा बोलेर ज्ञापन पत्र विज्ञप्ती मार्फत माननीय मुख्यमन्त्री सँग भेटेर कोभिड -१९ बारे सुझाव दिने राख्ने काम गऱ्यौं सरकारले सकारात्मक रुपमा लिने आसवासन दिने प्रतिवद्धता जायर गर्ने तर गर्न गम्भीर नहुने देखेपछि संसद अबरुद्ध गर्ने संकल्प प्रस्ताब राख्ने गर्दा पनि

सरकारले आवश्यक पहल नगरेको गम्भिरता नदेखाएको हुँदा प्रदेश सभाको नियमित अधिवेशनको प्रतिक्षा गर्दा धेरै क्षेति हुन सक्ने आँकलनले विशेष अधिवेशन बोलाउने निर्णयमा हामि पुग्यौं ।विश्वव्यापी रुपमा फैलियको कोभिड १९ को महामारीले मानव जीवनलाई यसरी अक्रान्त कष्टकर बनायो की । १ वर्ष वित्न लागेको छ । गण्डकी प्रदेशममा कोभिडको पिसीआर परिक्षण दिनानुदिन असहज बन्दै गएको छ । अस्पतालहरुको पूर्वधार उपकरण चरम अभावमा छ । सक्रमित व्यक्तिहरुले अस्पतालमा भर्ना हुन नपाउदा जीवन गुमाउनु परेको हृदय विदारक घटना दैनिकी बन्न पुगेको कति यथार्थ बिडम्बना बन्न पुगेको छ । संविधानले नागरिकलाई स्वास्थ्य सम्वन्धी मौलिक हक प्रदान गरेपनि विपन्न र असहाय नागरिकले परिक्षण र उपचार नपाएर असामयिक मृत्यु वर्णन हुन वाध्य छन् । निजी अस्पतालमा वाध्यतावस उपचार गराइरहेकाहरुले तिर्नु परेको अस्वभाविक उच्च शुल्कले रोगले भन्दा पनि बढी आघात गरेको छ । यस्तो विसम् परिस्थितिमा नागरिक प्रतिको सामान्य उत्तरदायित्व पनि सरकारले वहन गर्न नसक्नु पिडादायी छ । चिन्ताजनक छ । महंगी अस्वभाविक रुपमा पढेको छ । बेरोजगारीको बृद्धिका कारण गरिबीको रेखामुनीको संख्यामा अत्याधिक बृद्धि भएको छ । जन सरकारको जलन्त मुद्दालाई संवोधन गर्न असफल नै सावित भइसक्यो । आफैले समय सिमा तोकेर प्रसतुत गरेको बजेट कार्यान्वयन समेत अन्यन्त निराशाजनक छ । कोभिड १९ को कहर पश्चात गण्डकी प्रदेश सरकारको गैरजिम्मेबारी पूर्ण मात्र होइन चरम संवेदनशिल देखिएको छ । नागरिक सर्वोच्च विरुद्ध संविधानको मर्मलिपि भावनाको सर्वोच्च विरुद्ध सरकारी राज्य विहिन्नताको अनुभुती बढाएको मात्र होइन । वर्तमान संवैधानिक प्रणाली यसको वैज्ञता र औचित्य माथि प्रश्न एउटा प्रहार गर्ने धरातल निर्माणमा

पक्षपोषण समेत गरेको छ । गण्डकी प्रदेश सभामा प्रतिपक्ष रहेका नेपाली कांग्रेस, जनता समाजसेवा पार्टी नेपालले कोभिड १९ को विरुद्ध सरकारलाई निश्वार्थ सवल साथ सहयोग दिएको छ । जुन आगामी दिनमा पनि जारी रहनेछ । राजनितिक स्वार्थ प्रतिसोधभन्दा माथि उठेर प्रतिपक्षले सरकारको राम्रो जनमुखी कार्यमा समर्थन सहकार्य साझेदारी सरकारप्रति निश्पक्ष निर्मम ढंगले खबरदारी अनि प्रदेशको सर्वाङ्गको लागि पहरेदारको भूमिका खेलिराखेको छ । जनस्वास्थ्य जीवनसँग सम्वन्धीत अति संवेदनशील विषयमा प्रदेश सभा मौन रहन सक्दैन र रहन पनि हुँदैन । जनताको लागि जनताबाट निर्वाचिन जनप्रतिनिधि रहने सर्वोच्च थला प्रदेश सभा जनताको पिडालाई सकारात्मक छलफल गरेर एउटा साझा निष्कर्ष निकालेर तदनुरुप गन्तव्यसम्म पुग्ने संयुक्त प्रतिवद्धता वर्तमानमा आवश्यकता हो । संविधानको धारा ३५ को उपधारा १ र ३ मा गरिएको स्वास्थ्य सम्वन्धी मौलिक हकको व्यवस्था ऐक्षिक नभई बाध्यता हो तथ्य समेत स्मरण गराउन कार्यान्वयन बनाउन प्रदेश सभाको बैठक आवश्यक देखिएको थियो । कोभिड १९ प्रदेश सरकारको प्रयत्नको अनुगमन सवल निर्वल पक्षको यथार्थए परक विश्लेषक समस्याको पहिचान र समाधानको इमान्दारको पर्यत्नको साथसााथै अन्य गम्भिर महत्वपूर्ण विषयमा परिणाममुखी छलफल गर्न अब ढिला गर्न हुँदैन । माननीय सभासदज्यू हामीले अत्यधिक महत्वपूर्ण समस्या विषयमा वर्तमान स्थिति सवल र निर्वल पक्षको तथ्य तथ्याङ्क समस्या र समाधान सहितको हाम्रो प्रस्ताव समेटेर छलफल गरी निर्णय गर्ने उद्देश्यले यो विशेष अधिवेशनमा माग गरेको साधारण अनुरोध गर्न चाहन्छु ।

सभामुख महोदय संकल्प प्रस्तावको सन्दर्भमा माननीय सभामुखज्यूको पहलमा गण्डकी प्रदेश सभामा प्रस्तुत गर्ने सम्पूर्ण राजनितिक दलहरुले साझा सत्रुको रुपमा रहेको कोरोना विरुद्धको लडाई लड्न प्रदेशको जनताको सर्वाङ्गीण हितको लाागि संकलप प्रस्तावलाई साझा बनाउने निर्णय गरे अनुसार म प्रस्तावक रहेको संकल्प प्रस्तावलाई माननीय हरिशर्मा आचार्य, माननीय मायानाथ अधिकारी, माननीय गायत्री गुरुङ, माननीय कृष्ण थापा समर्थक रहनु भएको साझा प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**संकल्प**

सन् २०१९ को अन्त्यमा चिनको वुहान शहरबाट प्रार हुनु भएर मानव जीवनलाई प्रभावित गरेको कोभिड १९ को युरोप अमेरिका हुँदै नेपाल लगायत अधिकांश एशियाली मुलुकको जनजीवन जीवनको सर्वाङ्गीण गतिलाई आक्रान्त बनाएको १ वर्ष हुन लागेको छ । गण्डकी प्रदेशमा कोभिडको पिसिआर प्रशिक्षण न्युन भइरहेको छ । यो प्रक्रियालाई सहज बनाउने तथा अवाश्यक परेको प्रत्येक नागरिकको लागि पिसिआर परिक्षण गर्ने गरी दैनिक परिक्षणलाई बृद्धि गर्न आवश्यक छ । संविधान ............१३:३० प्रत्येक नागरिकलाई स्वास्थ्य सम्वन्धी मौलिक हक प्रदान गरेता भएपनि विपन्न र असहाय नागरिकले उपचार नपाएर असामयिक मृत्यु मरण गर्न नपरोस् । बाध्यतावस निजी उपचार गराएकाहरुले अस्वभावीक उच्च मुल्य तिर्न नपरोस । गण्डकी प्रदेश अन्तर्गतका अस्पतालहरुको पूर्वाधार सुदृढिकरणको काम प्रारम्भ भएका छन् । तिनको अभिलम्भ कार्यान्वयन हुन आवश्यक छ । बजेट विनियोजन भएर पनि १ वर्ष भन्दा बढी अवधिमा पनि भेन्टिलेटर, आइसियु जडान गर्ने अक्सिजन प्लान्ट स्थापना गर्न बाँकी रहेका

अस्पतालहरुमा कार्यन्वयनमा तिव्रता देख्न आवश्यक छ । विशेषज्ञ स्वास्थ्य जनशक्तिको अभाव छ । दरबन्दीको अनुसार स्वास्थ्य जनशक्तिको समेत व्यवस्थ ागर्न जरुरी छ । कोभिड १९ भन्दा बढी खतरनाक ...........१४:१५.... भेरियन्ट वान थुप्रै मुलुकहरुमा देखिएको छ । समयको कुनै कालखण्डमा नेपाल प्रवेश गर्ने नै छ । त्यसबाट बच्न त्यसको परिक्षण अहिले नै गरिएको भने ढिलो हुन सक्छ । कोभिड १९ को लागि बनाइएको थुप्रै खोपहरु विश्व बजारमा उपलवध हुन लागिरहेको छ । त्यसमध्ये हाम्रो लागि प्रभावकारी खोपको चयन खरिद वा प्राप्ति ढुवानी भण्डारण वितरण लगायतको पोल चेन व्यवस्था गरी लक्षितसम्म र व्यक्तिको पहिचान गर्न तत्काल आवश्यक छ । संयुक्त राष्ट्रसंघ विशेष स्वास्थ्य संगठनको कोभाक्स कायर्एक्रम अन्तर्गत प्राप्त हुने निशुल्क खोप अपुग हुन पुगेकोले बाँकी नागरिकलाई लगाउने खोपको व्यवस्था गर्न आर्थिक लगाायत आवश्यक व्यवस्था छिटै गर्नु पर्दछ । जनताको लागि जनताबाट निर्वाचित जनप्रतिनिधि रहने सर्वोच्च थलो प्रदेश सभामा जनताको पिडाबारे सकारात्मक रचनात्मक छलफल गरेर एउटा साभ्का निष्कर्ष निकाल्ने र तदनुरुप गन्तब्यसम्म पुग्ने संयुक्त प्रतिवद्धता वर्तमान आवश्यकता हो । कोभिड १९ को लक्षित प्रदेश सरकारको प्रयत्नको अनुगमन सवल र निर्वल पक्षको यथार्थ .....१५:१७ विश्लेषण समस्याको पहिचान र समाधान इमान्दार प्रयत्नबारे परिणामुखी छलफल गर्न अब ढिला गर्न हुँदैन । गण्डकी प्रदेश सभामा जनताको प्रदेश सभाको सर्वाङ्गीण हितको विषयमा सबै राजनितिक दलले एकता कायम गरेर अनुकरणीय .......१५:४० स्थापित गरेको छ । गण्डकी प्रदेशलाई सर्वोत्कृष्ट प्रदेश बनाउने साभ्का संकल्पलाई राजनितिक आग्रह पूर्व ग्रहबाट माथि उठेर सबै दलहरुले गरेको इमान्दार

प्रयत्नले राष्ट्रियता गणतन्त्र, संघीयता, र्मनिरपक्षता र समानुपातिक समावेशी तहलाई सवल र जनअपेक्षालाई सकारात्मक सम्वोधन गर्न दलहरु बीचको एकता र समझदारी गरेको छ । यसै परिपेक्षमा कोरोना जस्तो घातक महामारी विरुद्धको लडाईमा सरकारलाई साथ सहयोग सुझाव निर्देशन दिन पूदेश सभा प्रतिनिधित्व गर्नुहुने सम्पूर्ण राजनितिक दल सिंगो प्रदेश सरकारले एकाधिकार भएर संकल्प गर्ने निर्णय प्रशंसनीय अनुकरणीय ऐतिहासिक भन्दा ........१६:२५ कोभिड १९ विरुद्धको महामारीसँग लड्न कोरोनाको ............ नागरिकलाई सुरक्षित राख्न स्वास्थ्य सम्बन्धि मौलिक हकको कार्यान्वयन गर्न, स्वास्थ्य पूर्वाधारको जनशक्ति खोप सम्वन्धि वैज्ञानिक व्यवस्थापन गर्न तल उल्लेखित कोरोना स्वास्थ्य सम्वन्धित कार्य गर्न प्रदेश सभाले संकल्प गरेर प्रदेश सरकारलाई निदृेशन गर्न सर्वोदलिय सहमति अनुसार यो संकल्प प्रस्ताव पेश गरेका छौं । पिसिआर परिक्षण गर्ने बृद्धि गर्ने, आवश्यकता अुनसार पिसिआर मेशिन खरिद गरी नागरिकहरुलाइृ सहज हुने गरी थप अन्य स्थानमा परिक्षणको व्यवस्था मिलाउने । नवलपुर र बाग्लुङमा रहेको मेशिनलाई तत्काल प्रयोगमा ल्याउने । सरकारी अस्पतालमा पूर्वाधार भेन्टिलेटर सघन उपचार कक्ष बेड अक्सिजन प्लान्ट स्वास्थ्य उपकरणहरु व्यवस्थाहरु बाँकी रहेका स्थानहरु तत्काल प्रवन्ध गर्ने कोभिड १९ को संक्रमितहरुलाई सरकारी अस्पतालमा नै निशुल्क उपचार व्यवस्था मिलाउन प्रदेश मातहतका अस्पतालहरुको क्षमता अभिवृद्धि गर्ने । सरकारी अस्पतालहरुमा उपचार गर्न सम्भव नभएमा निजी तथा सामुदायिक अस्पतालहरुमा सिफारिस गरिएको कोरोना विरामीको खर्च सरकारले व्यवहोर्ने । कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण व्यवस्थापन र उपचार व्यवस्थापन साथै नागरिकको स्वास्थ्य सम्बन्धि मौलिक हक र कार्यान्वयनको अवस्था

अनुगमन निरिक्षण एवं सहजिकरण समेत गर्ने गरी संयुक्त संसदीय अनुगमन समिति गठन गर्ने । प्रदेश सरकारको मातहतमा स्वास्थ्य संस्थाहरुमा रिक्त दरबन्दीको पदपुर्ति प्रक्रियालाई यथाशिघ्र सम्पन्न गरी स्वास्थ्य सेवा प्रवाहलाइ थप

प्रभावकारी बनाउने । साथै स्वास्थ्य संस्थाहरुको कार्य एवं कार्यबोझ समेत अध्ययन विश्लेषण गरी आवश्यकता अनुसार थप दरबन्दी निर्माण गर्ने, सिर्जना गर्ने, विशेषज्ञ चिकित्सक लगायत अत्यावश्यक स्वास्थ्य जनशक्ति प्रदेश तोकिएकै अस्पतालमा रहिरहन अभिप्रेरित गर्न उत्प्रेरणा व्यवस्था गर्ने प्रदेशको एकमात्र संक्रमण तथा सरुवा रोग अस्पताललाई उच्च प्राथमिकतामा राखी सवलीकरण र स्तरउन्नती गर्ने, कोभिडको नयाँ स्वरुपको परिक्षणको व्यवस्था र संक्रमितको उपचारको व्यवस्था गर्ने । कोभिड १९ को खोपको चयन उपलव्धता, ढुवानी, भण्डारण, वितरण कोलचेन लगायत व्यवस्थापन क्षमता अभिवृद्धि गरी समयमा नै प्रभावकारी खोप सेवा सुनिश्चित गर्ने उद्देश्यले सामाजिक विकास मन्त्रालयबाट गठन गरिएको विशेषज्ञ समितिलाई प्रभावकारी रुपमा परिचालन गर्ने । प्रथम चरणमा उपलव्ध खोप दिनको लागि मापदण्ड बनाई लक्षितसम्म र व्यक्तिको सुची बनाउने । नेपाल सरकारको समन्वयमा रहि निःशुल्क उपलब्ध नहुने आवश्यक परिमाणको खोप खरिदको लागि आर्थिक लगायत सम्पूर्ण व्यवस्था मिलाउने । बुँदागत आएको सभामुख महोदय यो १३ बुँदा प्रदेशबाट जिल्लासम्म जिल्लाबाट स्थानीय तहसम्म रहेको खोपकेन्द्रसम्म खोप ढुवानी गर्न आवश्यकता अनुसार ................१९:११..... लगायतको बन्दोबस्ती व्यवस्था गर्ने । सम्बन्धित मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सामाजिक निवास मन्त्रालय, भवदीय माननीय कृष्णचन्द्र नेपाली पोखरेल, प्रस्तावक समर्थक क्रम संख्या ५९ माननीय

हरिशर्मा आचार्य, समर्थक क्रम संख्या ३८ माननीय मायानाथ अधिकारी, समर्थक क्रम संख्या १२ माननीय सावित्री गुरुङ समर्थक क्रम संख्या ७ कृष्ण थापा । सभामुख महोदय यो भन्दा समय अभावले गर्दाखेरी यो बीचमा तथ्यगत रुपमा डाटबेस रुपमा हामीले संक्रमणका संक्रमितको संख्या, हाम्रो अहिलेको अवस्था, भौतिक पूर्वाधार के छ के गर्नुपर्छ त्यसलाई डाटाबेस रुपमा प्रस्तुत गरेका छौं । समय अभावले गर्दा मैले त्यो पढ्न सकिन । यहि संकल्प प्रस्ताव प्रस्तुत गर्दै विदा हुन चाहन्छु । धन्यवाद जय नेपाल ।

माननीय सदस्यहरु अब म माननीय सामाजिक विकास मन्त्री श्री नरदेवी पुन मगरलाई संकल्प प्रस्तावको सम्वन्धमा आफ्नो भनाई राख्न अनुमति दिन्छु । समय २० मिनेट ।

**माननीय सामाजिक विकास मन्त्री नरदेवी पुन मगर**

माननीय सभामुख महोदय, विश्वमै महामारीको रुपमा फैलिएको कोभिड १९ संक्रमणको सम्वन्धमा प्रदेश सभाको विशेष अधिवेशन आव्हान गरी नागरिकको स्वास्थ्य सम्वन्धी हकका साथै जनसरोकारका महत्वपूर्ण विषय उठान गर्नु भएकोमा माननीय सदस्य ज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस सम्मानीत सभामा गण्डकी प्रदेश सरकार सामाजिकी विकास मन्त्रालयले गरेका कार्यहरुको जानकारी प्रस्तुत गर्न अनुमति चाहन्छु । कोभिड १९ को संक्रमणको सुरुवात ३१ डिसेम्बर २०१९ मा चिनको वुहानमा पुष्टि भएको कोभिड १९ नेपालमा २०७६ माघ ९ गते पहिलो पटक संक्रमण पुष्टि भएको थियो । गण्डकी प्रदेशमा २०७६ चैत्र १८ गते कोभिड १९ को पुष्टि भएको थियो । गण्डकी प्रदेशमा कोभिड १९ संक्रमण नियन्त्रण तथा उपचारका लागि आवश्यक भौतिक पुर्वधार प्रयोगशाला, अनुभवि जनशक्ति, यन्त्रउपकरण तथा

अन्य स्वास्थ्य सामग्रीको अभाव थियो । यस्तो विसम परिस्थितिमा गण्डकी प्रदेश सरकारले सबै क्षेत्रको साथ र सहयोगबाट कोभिड १९ को सामना गर्दै संयमताका साथ निरन्तर अगाडी बढीरहेको छ । विभिन्न समितिको गठन तथा परिचालन सरकार सिमित स्रोत र साधनको अधिकतम कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्तवमा गठित उच्च स्तरीय निरिक्षकका साथै माननीय मन्त्री स्तरीय अनुगमन समन्वय कोष व्यवस्थापन समितिहरुका अतिरिक्त अन्य १० वटा विषयगत गठन गरी परिचालन गरेको छ । जसबाट कोभिड १९ को नियन्त्रण एवं व्यवस्थापन कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन मदत पुगेको व्यहोरा यस सम्मानीय सभा समक्ष जानकारी गराउन चाहन्छु । कोभिड १९ संक्रमितको उपचार गर्ने अस्पतालहरु छन् । कोभिड १९ संक्रमणको सुरुवाती चरणमा गण्डकी प्रदेशमा संक्रमितहरुको उपचार व्यवस्थापन गर्न पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, जिपी कोइराला स्वास्प्रश्वास उपचार केन्द्र र धवलागिरी अस्पताललाई जिम्मेवाारी तोकिएको थियो । कोभिड १९ को संक्रमण बढ्दै गएपछि अन्य जिल्ला अस्पतालहरुमा समेत आइसोलेसन केन्द्र स्थापना तथा संचालन गर्दै आएको छ । क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन विदेशबाट आउने र अन्य संकास्पद नागरिकहरुबाट संक्रमित फैलिन नदिनका लागि स्थानीय तहको जिम्मेबारीमा क्वारेन्टाइन केन्द्रहरुको व्यवस्थापन भएको थियो । उक्त केन्द्रहरुमा १४ दिन भन्दा बढी रहनुपनर्ने नागरिकका लागि व्यवस्थापन खर्च बापत प्रदेश सरकारले रु. १ करोड ५३ लाख बजेट निकास गरेको थियो । संक्रमति पुष्टि भएका नागरिकहरुका लागि उपचारात्मक व्यवस्थापनका लागि सबै प्रदेशका जिल्ला अस्पतालहरु तथा सामुदायिक एवं निजी क्षेत्रका स्वास्थ्य

संस्थाहरुमा समेत गरी १४१३ शैयाका ४० वटा आइसोलेसन केन्द्र स्थापना गर्रा व्यवस्थापन गरिएको थियो । यसका लागि प्रदेश सरकारबाट रु. ४ करोड ३७ लाख ८८ हजार निकासा भएको थियो । जसमा कतिपय स्थानीय तहसँग समेत सहकार्य भएको छ । कोभिड १९ एक व्यक्तिबाट अर्को व्यक्तिमा श्वासप्रश्वास तथा अन्य सम्पर्क माध्यमबाट सर्दै जाने भएकोले गण्डकी प्रदेश भित्र यसकौ फैलावटलाई नियन्त्रण गर्ने उद्देश्यले प्रदेशका मुख्य नाकाहरुमा हेल्थटेस्क स्थापना तथा संचालन गरिएको थियो । यसैगरी प्रदेशका सबै अस्पताल स्वास्थ्य केन्द्र तथा तोकिएका अन्य महत्वपूर्ण स्थानहरुमा जरो क्लिनिक स्थापन एवं सञ्चालन गरिएको थियो । यसबाट संकास्पद संक्रमितहरुको नियन्त्रण गर्न सहज भएको थियो । ल्याब व्यवस्थापन कोभिड १९ स.क्रमको सुरुवातको अवस्थामा नेपालमा भएको परिक्षणको नेपालमा यसको परिक्षणको व्यवस्था थिएन । तत्कालै नेपालमा यसको परिक्षण कार्य सुरु भएसँगै गण्डकी प्रदेश सकारले पनि कोभिड १९ को परिक्षणको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पतालको प्रयोगशाला एक पिसिआर मेशिन जडान गरी परिक्षण सुरु गरेको थियो । केहि समयपछि प्रदेश सरकारबाट तत्काल पिसिआर परिक्षण क्षमता बृद्धि गर्न प्रदेश जनस्वास्थ्य प्रयोगशाला मातहतमा प्रदेश क्षयरोग उपचार केन्द्रमा २ वटा पिसिआर मेसिन सहितको प्रयोगशाला स्थापना गरि सञ्चालनमा ल्याइयो । उक्त प्रयोगशालामा अटो एक्सेसन मेसिन समेत जडाान गरी पिसिआर परिक्षण क्षमता विस्तािरत गरिएको छ । पिसिआर परिक्षणको क्षमता एवं दायरा विस्तार गर्ने सिलसिलामा धवलागिरी अस्पतालमा पिसिआर गर्ने परिक्षण स्थापनाका लाागि पूर्वधार विकास स्वास्थ्य समाग्री खरिद र जनशक्ति व्यवस्थापनको लागि बजेट उपलब्ध गराइ सकेको छ । उक्त अस्पतालमा छिटै नै परिक्षण सेवा सुरु

गरिनेछ । त्यसैगरी मध्यविन्दु अस्पताल नवलपुरमा समेत पिसिआर परिषण प्रयोगशाला स्थापना गराई पूर्वाधार विकासका साथै आवश्यक स्वास्थ्य सामग्री, औजार उपकरण र जनशक्ति व्यवस्थापन भइसकेको छ । प्रयोगशालाका लागि भवन केहि दिनमा पुरा हुने र सो पश्चात तत्काल परिक्षण सेवा सञ्चालन हुने जाानकारी गराउन चाहन्छु । जनशक्तिको व्यवस्थापन कोभिड १९ परिक्षणको लागि तत्काल प्रदेश सरकारसँग दक्ष जनशक्ति नभएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट २ जना प्रयोगशाला कर्मीहरुको सहयोगमा पोखरा स्वास्थ्या विज्ञान प्रतिष्ठानमा अन्य ४ जनालाई स्थलगत तालिम प्रदान गरियो। तिनै ४ जनाको सहयोगमा पुन २४ जनालाई स्थलगत तालिम दिई हाल २८ जना दक्षजनशक्ति तयार भइसकेको छ। साथै स्वास्थ्य क्षेत्रका विभिन्न विषयमा संलगन २००० भन्दा बढी स्वास्थ्य कर्मीहरुलाई आवश्यक तालिम दिइसकेको छ । स्वास्थ्य क्षेत्रमा कर्मचारीको अभाव नहोस् भनी ६० जना स्वयंसेवक करारमा समेत लिइएको छ। हाल स्वास्थ्य तर्फको ८९ खाली दरबन्दी परपूर्तिका लागि कर्मचारी छनोट कार्य भइरहेको जानकारी गराउन चाहन्छु। प्रदेश अन्तर्गतका सबै अस्पतालहरुमा भेण्टीलेटर सहितको सघन उपचार कक्षा सञ्चालन गर्नको लागि ......२७:५....... फिजिसियन दरबन्दीको आवश्यकता हुने र हाल अस्पतालहरुमा त्यस प्रकारको जनशक्तिको अभावलाई तत्काल परिपूर्ति गर्न संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन सम्पन्न भइसकेको छ । सोहि अनुसार उक्त कर्मचारीहरु परिपुर्ति गर्नको लागि वित्तीय प्रोत्साहनको प्याकेज सहित अस्थायी दरबन्दी सिर्जना गर्न प्रक्रिया अगाडी बढाइएको जानकारी गराउन चाहन्छु । अक्सिजन प्लान्ट मर्चरी फोहोर व्यव्स्थापन प्रदेशका सबै अस्पतालहरुमा अक्सिजन प्लान्ट मर्चरी निर्माणको

कार्य सम्पन्न गर्ने योजना अनुरुप हाल ६ वटा अस्पतालहरुमा अक्सिजन प्लान्ट जडान तथा पाइपिङ गरी अक्सिजन ग्याँस सुरु गरिएको छ । बाँकी अस्पतालहरुमा पनि सोहि अनुसार कार्य भइरहेको छ। ६ वटा अस्पतालहरुमा मर्चरी च्याम्परको व्यवस्था गरिसकेको छ । मनाङ र लमजुङ अस्पतालहरु बाहेक अन्य अस्पतालहरुमा फोहोर व्यवस्थापनको लागि अटो क्लिनिकल सहितको व्यवस्था भई फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाइएको छ । मनाङ र लमजुङ जिल्ला अस्पतालमा जडान गर्ने कार्य अगाडी बढिरहेको जनाकारी गराउन चाहन्छु ।

## अस्पतालहरुको स्तरउन्नती

चालु आर्थिक वर्षमा सबै अस्पतालहरुको स्तरउन्नती गर्ने प्रदेश सरकारको नितिगत प्रतिवद्धता अनुरुप मनाङ र मुस्ताङ अस्पताललाई २५/२५ शैया, धवलागिरी अस्पताललाई २०० शैया, सरुवा तथा संक्रमित रोग अस्पताललाई १०० शैया अन्य ८ ओटा अस्पतालहरुलाई ५०/५० ओटा शैयामा स्तरोन्नती गर्ने पूर्वाधार विकासका कामहरु अगाडी बढीरहेको छ । आइसियु र .....२८:३५........ स्थापना तथा सञ्चालन प्रदेशमा कोभिड १९ सुरु हुनु पुर्व पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठाानमा ३ वटा भेण्टिलेटर सहित ९ शैया, क्षमताका सघन उपचार सेवा बाहेक अरु जिल्ला अस्पतालहरुमा यो उपचार सुविधा नै थिएन । यस वास्तविकतालाई मध्यनजर गरी प्रदेश सरकारले सबै जिल्ला अस्पतालहरुमा सघन उपचार सुविधा उपलव्ध गराउने गरी विद्यमान भौतिक संरचनाको स्तरोन्नती तथा सघन उपचार सेवाको स्थापनाको लागि बजेट व्यवस्था गरेको थियो । हाल
प्रदेश सरकारमा तत्काल १२ वटा अस्पतालहरुमा ४५ वटा भेन्टीलेटर सहित

५५ शैयाको सघन उपचार सेवा सञ्चालनका लागि साामग्रीहरु खरिद भइसकेको छ र जडान हुन प्रक्रियामा रहेको जानकारी गराउन चाहन्छु । गण्डकी प्रूदेश भित्र रहेका निजी र मेडिकल कलेजहरुमा २० वटा भेन्टीलेटर रहेको जानकारी चाहन्छु । र पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा १२ वटा भेन्टीलेटर सहित १०० अक्सिजन सहितको शैया व्यवस्थापन भएको म जानकारी गराउन चाहन्छु । कोभिड १९ को लक्षणयुक्त विरामीहरुको उपचारका लागि उच्च प्रवाहयुक्त अक्सिजनको आवश्यकतालाई ध्यानमा राखी जिल्ला अस्पतालहरु संक्रमण तथा सरुवा रोग अस्पतालमा समेत गरी १६७ शैयाको एच बि. यु स्तरउन्नतीको लागि आवश्यक मेशिन उपकरण एवं स्वास्थ्य सामग्री खरिद भइसकेको छ । प्रदेश मातहतका अस्पतालहरु HBO सञ्चालनका लागि सामान्य अक्सिजन पाइप लाइन जडान गर्ने काम भइरहेको छ । सभामुख महोदय प्रदेश सरकारको आर्थिक वर्ष २०७७/७८ को वार्षिक निति तथा कार्यक्रममा उल्लेख भए बमोजिम प्रदेश स्तरमा पहिलो पटक संक्रमत तथा सरुवा रोग अस्पताल स्थाापना गरी कोभिड १९ संक्रमित हरुको उपचारको व्यवस्था मिलाइएको छ । यस अस्पतालमा २५ शैयाको HBO सञ्चालन गर्नको लागि ८०. युक्त कपर पाइप वायरिङ गर्ने कार्य सम्पन्न गर्नुको साथै आवश्यक औजार उपकरण एव स्वाास्थ्य सामग्री खरिद गरिसकेको छ र यो ..............३०:३०.......को प्रक्रियामा रहेको छ । निकट भविष्यमा यो सेवा सञ्चालन हुने छ । यसलाई १०० शैया क्षमताको अस्पतालको रुपमा विकास गर्न १०० रोपानीको जग्गा प्रप्त गरी भवन निर्माणको लागि प्रक्रिया अगाडी बढाइरहेको कुरा म जानकारी गराउन चाहन्छु । कोभिड १९ कोष व्यवस्थापन कोभिड १९ संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारका लागि आर्थिक अभाव हुन नदिन प्रदेश सरकारले

कोभिड १९ रोकथाम नियन्त्रण तथा उपचार कोषको स्थापना तथा सञ्चालन गरेको छ । यस कोषमा प्रदेश सरकारको तर्फबाट ३० करोड जनप्रतिनिधि कर्मचारी, विभिन्न व्यक्ति तथा संघ संस्थाहरुबाट ४ करोड ७८ लाख २६ हजार २ सय ६६ रुपैया गरी कुल ३४,७८,२६,२६६।- रुपैया जम्मा भएको थियो । उक्त कोषबाट आवश्यक स्वास्थ्य सामग्री एवं औजारहरु उपकरण खरिद जनशक्ति परिचालन आइसोलेन पूर्वाधार विकास जस्ता विषयमा खर्च गरिएको छ । त्यस्तै आइसोलेसनमा रहेका संक्रमित व्यवस्था खर्च समेत सोहि कोषबाट व्यहोर्ने गरिएको छ । प्रदेश सरकारबाट सञ्चालित होल्डिङ सेन्टर व्यवस्थापन र विदेशबाट आउने नागरिकको यातायात खर्च साथै बन्दाबन्दीको बेलामा अति विपन्न तथा सिमान्त केही नागरिक भोकभोकै बस्न नपरोस भन्ने उद्देश्यका साथ तत्काल राहत पुर्याउन स्थानीय तह र जिल्ला संघका नियन्त्रण एवं व्यवस्थापन समितिलाई यसै कोषबाट खर्च व्यहोरिएको छ । हालसम्म उक्त कोषबाट रु २७,०८,७३,३३६।- खर्च भई हाल ७,६९,५२,९३१।- रुपैया बाँकी रहेको जानकारी गराउन चाहन्छु । कोभिड १९ को वर्तमान अवस्था गण्डकी प्रदेशमा हालसम्म १,२४,०५० जनाको सव परिक्षण गरिएको । हाल यो प्रदेशमा संक्रमण दर घट्दै गएको र नेपाल सरकार पिसिआर परिक्षणमा मापदण्डमा लक्षण नदेखिएसम्म परिक्षणका लागि शब नमुना कलेक्सन नगर्ने । पोजेटिभ नतिजा आएको १० दिनसम्म पनि लक्षण नदेखिएमा १४ सम्म पछि होम आइसोलेसनमा बस्ने र पुन परिक्षण नगर्ने भन्ने प्रावधान रहेकोले हालका दिनहरुमा पिसिआर परिक्षण दरमा उल्लेखीय कमी आइरहेको छ । तथापी कुनै पनि समयमा संक्रमण दर बढ्न सक्ने भएकोले परिक्षण क्षमतामा भने कमी ल्याइएको छैन । नमुना संकलन भएको २४ देखि ७२ घण्टा भित्र परिक्षण नतिजा भित्र गर्ने गरिएको

छ । यी नजिताहरु जिल्लाका स्वास्थ्य कार्यालयहरुको साथै स्थानीय तहको स्वास्थ्य ............३३:०५ जानकारी गराउनका साथै सामान्य व्यक्तिहरुलाई एसएमएस मार्फत सुचित गर्ने व्यवस्था मिलाइएको छ । संक्रमितहरु होम आइसोलेनमा बस्ने क्रम बढेसँगै उनीहरुको लागि कोभिड १९ उपचार व्यवस्थापनका बारेमा चिकित्सकीय परामर्शका लागि मनोसामाजिक परामर्श समय आवश्यक रहेकोले विभिन्न गैर सरकारी संघ संस्थाहरुसँग सहकार्यमा आइसोलेन तथा होम आइसोलेसनमा रहेका संक्रमित निको भइसकेको विरामीहरुलाई समेत मनोसामाजिक परामर्श उपलव्ध गराउने व्यवस्था मिलाएको छ । कोभिड संक्रमणमा व्यापार बृद्धि भएको समयका विरामीहरुले उपचारका लागि शैया सहज रुपमा नपाएको जन गुनासाहरुलाई सम्वोधन गर्न स्वास्थ्य निर्देशकको संयोजकत्वमा सरकारी अस्पताल मेडिकल कलेज निजी अस्पतालका जिम्मेवार प्रतिनिधिहरु रहेको कोभिड १९ उपचार समन्वय समिति सहजीकरण समिति गठन गरिएको छ । त्यसैगरी हेलो डक्टर कक्षमा रहेको टोल फ्रि नम्बर १०९२ मा फोन सम्पर्क गरी उपचारका लागि सहजरुपमा शैया उपलव्ध हुने व्यवस्था मिलाइएको छ । यसबाट आमनागरिकहरुमा भय र त्रास कम गनं संक्रमितहरुको मनोवल उच्च बनाउन समेत योगदान पुगेको छ । यसैगरी कोभिड १९ को अत्यन्तै चाप रहेको समयमा प्रदेश सरकारका अतिरिक्त सरकारी कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिबाट संक्रमित एवं अन्य विरामीको उपचार सम्वन्धमा अनुगमन गर्ने कार्य भएको छ । कोभिड १९ को खोप सम्वन्धमा कोभिड १९ को रोकथामका लागि आवश्यक खोप व्यवस्थापनको लागि तिनै तहका सरकारहरु बीच आवश्यक समन्वय भइरहेको छ । पहिलो चरणमा प्राप्त हुने भ्याक्सिनको भण्डारको लागि

पोखरामा एउटा वाल्क इन कुलर व्यवस्थापन गर्ने गरी योजना तय भएको छ । त्यसै गरी खोप वितरणका लागि फ्रिस सहितको ट्रक तयारी अवस्थामा रहेको छ । पहिलो चरणको लागि जिल्लामा रहेको भ्याक्सिन भण्डारको क्षमताले पुग्ने र दोस्रो चरणमा प्राप्त हुने भ्याक्सिन भण्डारको लागि पोखरामा १/१ वटा वाल्क इन कुलर र वाल्क इन फेजरको स्थापना गर्ने तयारी भइरहेको छ । भ्याक्सिन प्राप्त भइसकेपछि यसको ...........३५:१०.. व्यवस्थापन र ढुवानी प्रयोग सम्वन्धमा सबै स्वास्थ्यकर्मी र साझेदार निकायहरुलाई अभिमुखीकरण गरी खोप सेवा प्रदान गर्ने योजना रहेको छ । खोप व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक स्रोत परिचालन योजना तय भइसकेको छ । अन्त्यमा माननीय सभामुख महोदय अन्त्यमा कोभिड १९ संक्रमणमा रोकथाम नियन्त्रण र उपचार कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउने सन्दर्भमा योगदान पुऱ्याउने हुने सम्पूर्ण जन प्रतिनिधिहरु राजनितिक दल र सबै तह र राष्ट्रसेवक कर्मचारी सुरक्षाकर्मी मिडियाकर्मी, गैरसकारी संघ संस्था लगायत सम्बन्धित सबैमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दै आगामी दिनमा समेत कोभिड १९ को बिरुद्धको अभियानमा सबैको साथ र समर्थन सहयोग प्राप्त हुने अपेक्षा गर्दछु । धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु अब संकल्प प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन जानुहुने प्रत्येक माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाइ राख्नु हुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री मायानाथ अधिकारीलाई छलफलमा भाग दिन समय दिन्छु ।

माननीय सभामुखज्यू, प्रदेश सभाको यो विशेष अधिवेशनमा संकल्प प्रस्तावमा खास गरी कोभिड १९ र स्वस्थ्य सम्वन्धि हक सम्वन्धि संकल्प प्रस्तावमा हामी सहभागी भएका छौं । यस अघि अघिल्लो नियमित अधिवेशनमा पनि संकल्प प्रस्ताव यसै विषयमा छलफल भएको थियो । तर त्यतिखेर संकल्प प्रस्ताव दर्ता गर्ने प्रसङ्गमा नै दलित सहमति नभईकन हाम्रो खास दलहरुले दर्ता गरेको पछि सहमतिको हामीले प्रयत्न गर्यौं । सहमतिको प्रयत्न गर्दाखेरी पनि केहि विषयको अडानमा रहने परिस्थिति हुँदाखोरी सहमतिका साथ कोभिड १९ जस्तो महामारीको विषयमा सर्वसम्मतका साथ संकल्प प्रस्ताव पास गर्न सकेनौ । त्यो प्रस्ताव अस्वीकृत हुन पुग्यो । अहिले फेरी यो विशेष अधिवेशनमा कोभिड १९ र स्वास्थ्य सम्वन्धि हक विषय नै संकल्प प्रस्ताव आएको छ । यस अधिवेशनमा सकारात्मक कुरा महत्वपूर्ण कुरा के छ भने हामी संसदमा रहेका राजनितिक दल पहिले नै छलफल गरेर सहमति भएर हामीले यो प्रस्ताव दर्ता गरेका छौं । प्रस्तावक समर्थक आउँदाखेरी नै सहमति भएर नै संकल्प प्रस्ताव दर्ता गरेका छौं । यो सहमतिको निम्ति गण्डकी प्रदेश सरह सरकारका माननीय मुख्यमन्त्री ज्यू प्रदेश सभाका सभामुख ज्यू समेतको तत्परता र पहल गर्ने रहेको थियो । म यो जानकारी अनुरोध गर्न चाहन्छु । माननीय मुख्यमन्त्री ज्यू र माननीय सभामुखज्यूलाई तत्पर र पहल गरिदिनुको निमित हार्दिक धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु । मैले अघिल्लो पटक पनि भनेको थिए । गण्डकी प्रदेश सभामा हामी सबै राजनितिक दलहरु हाम्रा आ-आफ्नो महत्वहरु छन् । मत मतान्तर छन् । त्यसकारणले फरक दल

भएका छन् । तर महत्वपूर्ण एजेण्डाहरुमा महत्वपूर्ण विषयहरुमा हामी सहमतिका साथ अगाडी बढ्ने परम्परा संस्कार हामीले स्थापित गरेका छौ । यस पटक फेरी देशको अनेकौ विसम परिस्थितिका बावजुत यस पटक फेरी हामीले कोभिड १९ जस्तो सबैको साझा दुस्मन सत्रुका विरुद्ध हामी एकजुट हुन पर्छ । एकजुटका साथ अगाडी बढ्नु पर्छ । हाम्रा भनाइहरु हाम्रा विचारहरुलाई एकसाथ राखेर गण्डकी प्रदेश सरकारले काम गर्ने क्रममा साथ सहयोग दिने अलग प्रभावकारी बनाउने काममा सहयोग पुर्याउनु पर्छ भनेर हामीले सहमति जनाएको छौं । नेकपा गण्डकी प्रदेश संसदीय दलको तर्फबाट हामीले त्यो संकल्प प्रस्तावमा समर्थन गरेको कुरा पनि जानकारी गराउन चाहन्छु । माननीय सभामुख ज्यू म एउटा अनुरोध गर्न चाहन्छु । यो विषयमा हामीले धेरै पटक छलफल गरेका छौं । यहाँ आएकार उभिदा खेरी ध्यानाकर्षक गराउन चाहन्छु । हामी सबैलाई के लागिरहेको छ भने जनतालाई पनि लागेको छ र हामीलाई पनि लागेको छ । म चिन जाँदाखेरी बुलेट रेलमा चढेको थिए । यो १ घण्टामा ४५० कि.मि. भन्दाबढी दौडने रहेछ । जनताले त्यहि चाहेको छ । विकास त्यसरी नै हुनुपर्दछ । तिब्र गतिमा विकास हुन पर्दछ । अहिले भर्खरै सबै विकास हुनु पर्दछ । छिटो विकास हुनु पर्दछ जनताको चाहना छ । त्यो किन सोच्छ पर्दछ भने विगतमा त्यसरी तिब्र गतिमा विकास हुन पाएन । जनताका समस्याको समाधान त्यहि ढंगले भएन । जनताका समस्याको समाधान त्यहि ढंगले नभएको कारणले पछौटेपन,गरिबी, अशिक्षाको ग्रस्त भएको अवस्थामा त्यसबाट छुटकारा कसरी पााउने ? त्यसबाट मुक्ति कसरी पाउने ? भन्ने अवस्था भएकै कारणले जनताले त्यो आकांक्ष राख्न स्वभाविक नै हो । त्यो आकांश र स्वभाविक त्यो अनुसारको काम होस् भन्ने चाहना राख्नु स्वभाविका हो । तर अहिले जुन

महामारी बाजा बजाएर आएको हैन महामारी । सुचना दिएर आएको हैन महामारी । कोभिड १९ पहिले नै सूचना दिएर ६ महिना वर्षदिन अगाडी सूचना दिएर हामी आउँदै छौ भनेर आएको हैन । एक्कासी आएको हो । एक्कासी आउँदा के थियो अवस्था भने भूइमा केहि पनि थिएन । भुइमा केहिपनि थिएन । जग हालेकै थिएन । घर बनाउँन थियो तर जग हालेकै थिएन । घडेरी कहानिर थियो थाहै थिएन । ढुंगा कहाँबाट खोज्ने थाहै थिएन । कस्तो घर बनाउने थाहै थिएन । कस्तो घर बनाउने स्वरुप तयार नभएको अवस्थामा उदाहरण हामीले महामारीको सामना गर्नु परेको थियो । पहिलो चोटीको महामारी विरामी हामीले उपचार गर्न हामीले हङ्कङ लगेर उपचार गर्नुपर्ने अवस्था आएको थियो । यहाँपनि उपचारको व्यवस्था भएन । सरुवा रोग सरकार अस्पताल भएको टेकु अस्पताल नेपाल भरिनै एकमात्र अस्पताल थियो । त्यसले सबै कुराको समाधान गर्न सक्ने अवस्था थिएन । नेपाली जनताले छिटो उपचार पायो । अहिले भर्खर उपचार पायो । सबै व्यवस्थापन हुनुपर्छ भन्ने जनताको चाहना अन्यथा होइन । राजनैतिक दलहरुले पनि छिटो सरकारले त्यो काम सम्पन्न गर्नपर्छ भन्ने हामीले अस्वभाविक होइन । आर्थिक अवस्था अथवा व्यवस्थापन त्यो समग्रीको उपलव्धता सबै हिसाबले त्यो महामारीको सामानहरु कहाँ पाइन्छ । त्यो सामाग्री उपलव्ध छ कहाँ बन्छ भन्ने सम्मको ....४२:२०...... अवस्थामा तत्काल त्यो सामग्री उपलव्ध गराउने समय कम थियो । त्यहिपनि म भन्न चाहन्छु । माननीय सभामुख मार्फत यो बारेमा विगत सरकारहरुको आलोचना गर्न खोजेको हैन । सरुवा रोगहरु विगतमा पनि हुन्थे । महामारी विगतमा पनि आउथ्यो । तर हाम्रा सरकारी अस्पतालहरु यो हलन चलन भएर बसेको अवस्था थियो । धेरै सरकारी अस्पताल राम्रा होलान् । धेरै सरकारी अस्पतालहरु हलन चलन

भएको अवस्था थियो । जनताको ध्यान सरकारी अस्पतालमा होइन । जनताको ध्यान निजी अस्पतालमा थियो । पैसा बढी खर्च गरेर पनि बाँच्न त पर्यो । भने निजि अस्पताल तिर ध्यान थियो । सरकारी अस्पताल प्रति विश्वास सरकारी अस्पताल प्रतिको सेवा प्रति जनताको विश्वास थिएन । हामीले जनताको विश्वास आर्जन गर्न सकेका थिएनौ । किन सकेका थिएनौ भने सरकारी अस्पतालमा पर्याप्त व्यवस्था थिएन । त्यहाा भेण्टीलेटरको व्यवस्था आइसियुको व्यवस्था, अक्सिजन प्लान्टको व्यवस्था अन्य व्यवस्थापन त्यहाँको भौतिक पूर्वाधारको व्यवस्था पर्याप्त व्यवस्था हुन सकेको थिएन । त्यो हुन नसकेको कारण जनताको आकर्षण छैन । जनताको आकर्षण छैन विश्वास नै छैन अनि त्यहाँ कसरी सेवा उपलव्ध हुन सक्छ । त्यो अवस्थाबाट उठेर हामी अगाडी हिड्न थालेका हौ । गण्डकी प्रदेश सरकारलाई म धन्यवाद दिन चाहन्छु । त्यो अवस्थाबाट अगाडी बढेर गण्डकी प्रदेश सरकारले उदाहरणीय जिल्लाका जिल्ला अस्पताललाई सुदृढिकरण गर्ने अब योजना ल्यायो । त्यहाँ भेण्टिलेटर, आइसियु, अक्सिजन प्लान्टको व्यवस्था गर्ने योजना ल्यायो । जिल्ला अस्पताललाई सुदृढिकरण गर्ने त्यसको भौतिक पूर्वाकारको विकास गर्ने योजना ल्यायो । स्वास्थ्य चेतना .......४३:५०... ध्यान दिनु पर्छ भन्ने याोजना ल्यायो । एकमात्र सरुवा रोग संक्रमण अस्पतालको स्थाापना गर्ने। सबैभन्दा पहिला सहायक प्रदेश भरीमा सबैभन्दा पहिला गण्डकी प्रदेशले त्यो निर्णय गरोस् । सञ्चालन गर्न सुरु सरोस् । स्थानीय तहसँग समन्वय गरेर प्रदेश र स्थानीय तहसँग समन्वय गरेर सरुवा रोग वा यो महामारी सामना गर्नको निम्ति याोजना बनाएर स्थानीय तहसँग सम्वन्य गरेर त्यसको सामना गर्ने योजना बनाएर अगाडी बढ्यो । डेडिकेटर अस्पतालहरु स्थाापन गर्यो, कोभिड आइसोलेन स्थापना गर्यो, स्थानीय तहसँग मिलेर क्वारेन्टाइनको

व्यवस्था गर्यो । महामारीबाट कसरी जोगिन सकिन्छ भनेर चेतना जगायो । जाागरण अभियान चलायो ।  गण्डकी प्रदेश सरकारको पहल तत्परता कार्यान्वयन जनताको सावधानीको कारणले गण्डकी प्रदेश सरकारमा ठुलो संख्याको मानवीय क्षती हुन पाएन । ठुलो संख्या संक्रमित भएर मानवीय क्षती हुने अवस्थाबाट जोगाउन सक्यौ । हामी सबैको सावधानी हामी सबै दलहरु सांसदहरु सबै खासगरी सरकारले त्यो नेतृत्व गरेको कारणले त्यो सम्भव भएको भन्ने भलाइृ लाग्छ । नेपाल पनि त्यो कुराबाट अछुतो भएन । नेपाल सरकारले पनि इण्डियामा ठुलो धनजजनको क्षती हुँदाखेरी नेपाल सरकारमा त्यो भन्दा कम क्षती संख्याको आधारमा कम क्षती प्रतिशतको आधारमा कम क्षती हुने स्थिति बन्यो । यो सरकारको सावधानीको कारणले हो । सरकारको नेतृत्वको कारणले गदार्ा हो भन्ने कुरा हामीले भन्न हिच्किचाउन हुँदैन । तर यतिले मात्र पुग्दैन । अझै व्यवस्थित गर्नु पर्दछ । अझै प्रभावकारी बनाउन पर्दछ । हाम्रो कामलाई अझै प्रभावकारी बनाउन पर्दछ । अझै तेज गतिका साथ अझ प्रभावकारी ढंगका साथ काम गर्नुपर्दछ । हाम्रो अपेक्षा त्यो छ । जनताको अपेक्षा त्यो छ । अहिले भएको गतिभन्दा अझ गति बढाउन पर्यो । अहिले भएको काम भन्दा अझ कामको गति दिन पर्यो । अझ त्यसको जाँच पडताल बढाउन पर्यो । अझ पनि कोरोना महामारी अन्त्य भइसकेको अवस्था छैन । विभिन्न देशहरुमा खोप आइसकेको छ । खोपको प्रयोग भइसकेको छ । अमेरिका, बेलायत जस्तो ठाउँमा खोपको प्रयोग भइसकेको छ । यूरोपमा खोपको प्रयोग भइसकेको छ । भारतमा हिजोबाट खोपको व्यापक अभियान सुरु भइसकेको छ । नेपालमा पनि खोप चाहिन्छ । खोपको व्यवस्थापन गर्नुपर्छ । नेपाली जनताले ५ मिनेटको अन्तरमा खोप प्रयोग गर्न पाउनुपर्छ । नेपाली जनता रोगबाट सुरक्षित हुनुपर्छ हामी

सबैको चाहना छ । त्यसमा अन्यथा कुरा छैन । नेपाल सरकारले सबैलाई निशुल्क खोप व्यवस्थागर्ने कुरा घोषणा गरेको छ । गण्डकी प्रदेश सरकारले त्यो खोप व्यवस्थापनको योजना बनाएको छ । म यसको निम्ति धन्यवाद दिन चाहन्छु । हाम्रा यी तयारी अझ तिब्रगतिमा हुन् हाम्रा यी काम अझ प्रभावकारी हुन् हाम्रा यी काम अझ तिब्र गतिमा साथ हुन भन्ने हाम्रो चाहना हो । सरकाले गरेको छैन हामी कसैले गरेको छैन भनेका छैनौ । अघि प्रस्ताव माननीय ज्यूले पनि सरकारले गरेको छैन भनेर भन्न भएन । सरकारले गरेको छ तर अझ प्रभावकारी होस् अझ तिब्रगतिमा होस् अझ प्रेरणामुखी होस् भन्ने वहाँको कुरा हो । म भन्न चाहन्छु । सरकारले पर्याप्त काम गरेको छ । अहिलेको संघीयता नभएको भए अहिले ३ दलको सरकार नभएको भए सायद यो कोरोना महामारीले आतंक मच्चाउने थियो । ठुलो धनजनको क्षति हुन्थ्यो । कतिपय माननीय ज्यूले संघीयता बेकाम भयो की भन्नु हुनछ । संघीयता भएकै कारणले प्रदेश र स्थानीय तह भएका कारणले प्रदेश र स्थानीय तहका साथीहरुले काम गरेकै कारणले समन्वय भएकै कारणले यो महामारीलाई जित्न सफल भएका हौ । यसका निम्ति म स्थानीय तहका साथीहरुलाई समेत धन्यवाद दिन चाहन्छु । यो मिहेनत यो परिश्रमले वास्तवमा परिणाम राम्रो आएको छ । विगतमा कोरोना भन्दा पहिला हाम्रो प्रदेश सरकाले नेपाल सरकारले ७.१ आर्थिक बृद्धिदर स्थापित गरेको थियो । ९.१ बनाउने कुरामा जोड गरेको थियो । कोरोनाले सारा उद्योग धन्दा पर्यटन व्यवस्था सारा लथालिङ्ग बनाइदियो । सबै ठप्प बनाइदियो । त्यो ठप्प बनाएको स्थितिलाई पनि छिटो भन्दा छिटो सञ्चालनमा ल्याएर गतिमा ल्याएर क्रियाशिल गराएर विकास निर्माणको गतिमा दिएर अब हामीले आर्थिक बृद्धिदरलाई कायम गर्ने ढंगले जानुपर्छ भनेर काम गर्यो भन्दैमा

४७:२५......... धन्यवाद दिन चाहन्छु । त्यसको निम्ति जिवन रक्षाकोष पर्यटन उद्योग व्यवसायीहरुको निम्ति साना व्यवसायीहरुको निम्ति उनीहरुलाई जगेर्ना गर्न जीवन रक्षा कोष घोषणाा गरेको छ । त्यसलाई कार्यान्वयनमा ल्याउनु पर्दछ । छिटो कार्यान्वयनमा ल्याउनु पर्दछ । त्यसलाई व्यवहारमा छिटो कार्यान्वयनमा ल्याएर अगाडी बढ्नु पर्छ । यसमा हामीले १३ वटा बुदाहरु जुन संकल्प प्रस्ताव भनेका छौं । अघिनै माननीय ज्यूले व्याख्या गर्नु भाछ । म धेरै व्याख्या गर्न चाहन्न । संकल्प प्रस्तावमा सरकारले काम गरेको छ । तर त्यसलाई अझ गतिका साथ अझ व्यवस्थित रुपले अझ प्रभावकारी रुपले काम होस् भन्ने हामी सबैको चाहना छ । नेकपा गण्डकी प्रदेशको तर्फबाट म व्यक्तिगति तर्फबाट पनि यो संकल्प प्रस्ताव प्रति समर्थन गर्न चाहन्छु र यसलाई अझ प्रभावकारी व्यवस्थित रुपले कार्यान्वयन हुँदै जाओस् भन्ने कामना दिन चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री दिपक थापालाई छलफलमा भाग लिन समय दिनेछु । त्यसपछि माननीय सदस्य श्री विष्णुप्रसाद लामिछाने ।

## माननीय दिपक थापा

सभामुख महोदय आज हामी विशेष अधिवेशन तथा संकल्प प्रस्तावको हामी छलफलमा उपस्थित भएका छौ र जुन चिनको हुवानबाट शुरुवात भएर विश्वव्यापी नै जुन कोभिड १९ ले संसारलाई नै विछिप्त पारेर आतंकित तुल्याएको छ । त्यसैले यो सन्दर्भमा हाम्रो नेपाल देश पनि अछुतो रहन सकेन। त्यसैले अहिलेसम्म हामीहरुले जुन कोरोना भाइरसको निम्ति हामी सम्पूर्ण

संघ प्रदेश तथा स्थानीय तह एकजुटले हामी लडेका छौ । तर जे जति हामी लडेको भए पनि अझै हामीले आकांक्ष गरेको जति सफलता हासिल गर्न सकेको छैन । हुन सक्छ यहाँ कतिपय काम गर्ने सिलसिलामा र त्यो जुट्ने क्रममा भाइरससँग हाम्रो भिड्ने तरिकाहरु कतै हामी नपुग्न पनि सक्छ। कहि कमजोरी हुन पनि सक्छ । कहि हाम्रो त्यो खालको झै अभ्यस्त भएन होला । तर जे होस हामी जे जति हाम्रो क्षमता हाम्रोले सकेका आफ्नो आर्थिक र आफ्नो जुन उसले हामीले जे जति पनि कोरोना भाइरसलााई हामी चिर्न सफल भएका छौं । र मैले यति मात्र के कुरा चाहन्छु भने अबको दिनमा यो कोरोना भाइरसलाई कसरी नियन्त्रण गर्ने र कसरी मुक्त गर्ने भन्ने तिर अझै हामी यसलाई जुन संकल्प प्रस्तावले ल्याएको छ । जुन की हिजोको दिनमा अलि हामी जुनकी एउटा वैचारीक रुपले जुन की गण्डकी प्रदेश हामी एकरुपता गर्न सकेका थिएनौ र हामी एकरुपता ल्याउन सकेका थिएनौ । अब ५१:३० …….. अब कोरोना भाइरसका निम्ति हामी कसरी अगाडी लड्ने त्यसको पहिले गण्डकी प्रदेश जुनले हाम्रो मुख्य मन्त्री अथवा सरकार प्रमुख हुनुहुन्छ प्रदेश प्रमुख हुनुहुन्छ वहाँको मातहतबाट वहाँको ....५१:४५……… नेतृत्वबाट एक कमाण्ड एक नेतृत्व एक योजनालाई परिचालन गरेर हामी सबै एकजुट भयौ भने निश्चित रुपले हामी यसलाई एउटा जुन भाइरसलाई हामीले नियन्त्रण सक्छौ होला जस्तो मलाई लाग्छ । अरु विषय जुन कोरोना भाइरसमा सामाजिक विकास मन्त्रीले पनि यसको जुन की हाम्रो लिएको उपलव्धीहरु यसबाट हामीबाट रहेका केहि समस्याहरु र केहि हामीहरुलाई जनशक्ति परिचालन गर्ने कुराहरु त्यसरी नै हामीसँग रहेका स्वास्थ्य शिविर, स्वास्थ्य केन्द्रहरु स्वास्थ्य संगठनहरु जुन की हामी त्यसलाई परिचालन गर्न कति अभावहरु त्यो कतिलाई व्यवहारिक रुपले चलाएका छौं । अन्य त्यसलाई

अझै पनि आवश्यक अनुसार जुन हामी अगाडी बढ्ने प्रतिवद्धतता योजनाका साथ वहाँले प्रस्तुत गर्नु भएको छ । र यसरी नै जुन की संकल्प प्रस्ताव जुन की हामीसँग केहि १३ बुँदा छन् । अझै पनि त्यहाँ अभावहरु खड्किएकोलाई त्यसलाई कसरी सूचारु रुपले लैजाने भन्ने जुन छ अब यो ३ वटै चिज सरकारको दायित्व, सरकारको नेतृत्व र साथै जुन की प्रस्तावमा ल्याएको विषय वस्तु र यी समस्यालाई अगाडी बढायौ भने हामी अगाडी बढ्न सक्छौं । तर यहि ..........५३.... कतै कतै अहिलेसम्म हामी जुन की एउटा खालको हामीसँग संकल्प प्रस्ताव नआएको भएपनि जुन की यो अवस्था जुन की हामीले एउटा जुन की एकिकृत ढंगको एउटा सरकार थियो । मलाई कता कता अलि डर लागिरहेको छ । र अहिले कता कता दुःख पनि लागेको छ । हिजो तपाई हामी यहि सदनमा सँगै बसेका थियौं, सँगै हिडेका थियौं, र सँगै एउटै बिचार र एउटै कमिटी भित्र र एउटै सरकार भित्र आवद्ध भियो । अहिले कतै कतै अप्ठ्यारो भएको कतै कतै महशुस चै कतै कतै नमिल्दो भएको एक अर्कामा शंकाले उपशंकाले हेर्न पुगेको छ । तर जे होस् जहाँ जहाँको जुन की अहिलेको जुन की यो खालको राजनितिक तरंग राष्ट्रिय राजनितिक तरंगले जे गरेको भएपनि जुन की कोरोना भाइरसको निम्ति एकजुट हुनको लागि सबैलाई अनुरोध गर्न चाहन्छु र साथै यतिमात्र हैन की जुनकी हिजो जतिपनि यहाँ हामीले यसको लागि लड्यौ र यसको लागि जुन की दक्षताका साथ अगाडी बढ्यौ वहाँहरुलाई धन्यवाद दिँदै फेरि पनि जुन की सबै एकताका साथ अगाडी बढ्नको लागि प्रेरणापन रहोस् भन्न चाहि मैले चाहन्छु र थोरै चाहि अहिले भन्नपर्ने एउटा हामी एउटा जटिल समस्यामा आएको छ । जवकी हाम्रो पुष ५ गते जुन की यहाँ नेपालमा एउटा हुरी व्यादी आएको छ । जुन की सरकार पक्षबाट हाम्रो

संविधान विघटन गरेपछि यसलाई एउटा उथलपुथलको अवस्था आएको छ । यसले बडो डरलाग्दो छ । त्यसैले यहाँ कतैकतै दुईटा खेमामा उभिएको छ । राष्ट्र नै दुईटा ध्रुविकरण बनेको छ । र यहाँ कहि कतै यस्तो मध्य वर्गीयमा .....५४:५५.....बिचमा बसेको छ । भोलुम बढ्न पनि नहुने नबढ्ला पनि सुख नपाउने यो खालको समस्या आएको छ । त्यसैले के भन्न चाहन्छु भने यो खालको एउटा जुन संविधान प्रति चाहि उत्तराघात भएको छ । जुनकी संविधान भित्र जुन की चाहि असंवैधानिक अलोकतान्त्रिक र जुन की एउटा प्रतिगमनको एउटा चाहि कदम घटेको छ । यसले गर्दा कतै फेरी चाहि यसैलाई पनि अझै झन अप्ठ्योरो पर्ने होकी भन्ने एउटा यसरी आइरहेको छ भने यहि नै हाम्रो नेपालमा अर्को चाहि जुन की यस संविधान यो ....५५:३२ यो चाहि जुन कदम सहि छ । यो ठिक छ भन्ने यसरी ध्रुवीकरण भएको छ । त्यसैले मैले केहि मात्र राख्न चाहे भने यो चाहि जुन की यो अवस्थामा हामी यसरी लडिरहँदाखेरी कतै फेरी हामीमा एउटा सुखद भन्दा दुखदमा गएको छ र यसरी सिंगो चाहि नेपालमा हामी यसरी लडिरहँदा जुन की हामीले कतै गल्ती गर्यौ । त्यसकारण मैले यहाँहरु सामु के कुरा राख्न चाहे भने हाम्रो जुन की यो आइरहेको व्यवस्था हामीले उहिले राज्यसँग जुन की कठिन घडी संक्रमण अवस्थामा आएको । नेतृत्वले केहि बुझेन मलाई लाग्छ नेतृत्वले एउटा महान नेताहरुले राज्य सत्ता सञ्चालन गर्दा जव संकट आउछ जवकी एउटा विचित्र एउटा घेराबन्दी पर्छ एउटा महामारी पर्छ र त्यो अवस्थामा कहिले पनि तीनओटा कुरा छोड्न हुन्न भन्ने खालका एउटा महान राज्य सत्ता संचालन गर्ने नेतृत्व चिनका माओले भनेका थिए । पहिलो सबैभन्दा बिचार छोड्नु हुन्न, दोस्रो कुरा जुन की उनले जनता छोड्नु हुन्न तेस्रो कुरा उनले भनेको एउटा जुन पावर जुन कहिले छोड्नु हुन्न भन्ने कुरा चाहि राख्नु

हुन्थ्यो। त्यसकारणले हाम्रो नेतृत्वहरुले कतै कतै चाहि कतै कतै भन्नु भन्दा पनि सिधै यहाँनिर आएर जुन की हामीले एउटा चाहि बिचार पनि एउटा पनि छोडिसकेको कतैनिर उनीहरुले कहि तपाईको जनताले जुन ढंगले आश्वासन दिएको थियो जुन त्यो पनि छोडिसकेको र....५७:१०..... छोडेर एउटा सिंगो एउटा जुन की देशलाई भयवित बनाएको छ । संघ प्रदेश र एउटा सिधै स्थानीय तहसम्म यसले चाहि छोएको छ । त्यसेले मैले के मात्र राख्न चाहे भने यो विषयमा हामी गम्म्भिर हुन जरुरी छ । त्यसैले अब यहि निर मेरो कुरा गर्दा हाम्ो गण्डकी प्रदेश के हो नी । हामी अहिले सम्म यसलााई एउटा छलफल गर्ने क्रममा हामी कोरोना महामारीको संकल्प प्रस्तावमा आएको छौ । यो अवस्थामा हामी हिजो एक ढिक्का एकता थियौ तर अहिले कतै राजनितिक हिसाबले विवादित भएका छौं हिजो हामी ६० जना हामी के देखिन्छ भने जुन की नेपाल कम्युनिष्ट पार्टीबाट हामी ४० जना एउटा ढिक्का भएका थियौ र यहि सरकारमा राष्ट्रिय जनमोर्चा नेपाल ३ जना गरी ४३ जना हामी सरकारमा थियौ । यसरी नै प्रतिपक्षको नेतृत्व भूमिका खेल्ने नेपाली कांग्रेस १५ जना र जबसको २ जना गरेर १७ जना प्रतिपक्षको भूमिका खेल्दै थियौ । त्यहि पनि हामी एकता थियौ । अहिले मलाई त के लाग्छ भने यहाँनिर बढो संकटको अवस्था देखिएको छ । कि हामीले चाहि यहाँ सधै भन्ने गर्छौ सबैले एउटा अवस्था ....५८:४५ ........ छ । हाम्रो अवको गण्डकी प्रदेशको आन्तरिक अवस्था के हो ? हाम्रो बस्तुगत अवस्था के हो ? हामी हिजोको अवस्थामा छौ हामी ? मलाई त्यस्तो लाग्दैन । त्यसकारणले यहाँ कानेखुसी कुरा गरेको पनि सुन्छु । कतै कतै भनेको पनि सुन्छु । कि अहिले यो जुनकी संसद विघटन गर्यो यो ठिक हैन । माननीय सदस्यज्यू तर पनि त्यसको निम्ति त्यसको व्यवहारिक रुपले के हो भन्ने पुष्टि

गर्न सक्नेछौ । त्यसैले हामी चाहि जे होस मैले के भन्छु भने यहाँनिर जुन की हाम्रो सांसद विघटन गरेको यसको चाहि फेरी यसलाई सच्याइयोस् भन्ने साथ राख्दै जुन कोरोना भाइरस लगायत हाम्रो अरु सबै चाहि हामी जुन योजनामा अगाडी बढाएका छौ जुन की एउटा समृद्धि नेपाल र सुखी नेपालको चाहना राखेका छौं । यो गण्डकी प्रदेशले त्यहि कामना गर्न पाओस र सबैलाई यहि शुभकामना राख्दै हामी यो आजको यो विशेष जुन की सकल्प प्रस्तावलाई सफलता साथ सुखी साथ राख्न सकोस भन्ने चाहि कामना सहित विदा हुन चाहन्छु । हस्त धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य विष्णु प्रसाद लामिछाने लाई छलफलमा भाग लिन समय दिन्छु । त्यसपछि माननीय सदस्य श्री पियारी थापा ।

## माननीय विष्णु प्रसाद लामिछाने

मननीय सभामुख महोदय, आज हामी गण्डकी प्रदेशका जनताको स्वास्थ्य सँग सम्वनिधत अत्यन्तै महत्वपूर्ण प्रस्ताव माथि छलफल गर्दैछु । सबैभन्दा पहिला त म प्रदेश सभा नियमावली नियमको ८५ को १ अनुसार माननीय कृष्ण चन्द्र नेपाली ज्यूले प्रस्ताव गर्नु भएको यो संकल्प प्रस्तावको पुर्ण समर्थन गर्न चाहन्छु । वास्तवमा हामीले फेरी एउटा गण्डकी प्रदेश सभाले एउटा नयाा अभ्यास गरेको छ । हामी यो प्रदेशका जनताको पक्षमा संयुक्त रुपमा एक भएर अगाडी बढ्ने प्रयास गरेको छु । बास्तवमा स्वास्थ्य हरेक व्यक्तिको उत्तिकै महत्वपूर्ण पक्ष हो । हामीले यसभन्दा अगाडी पनि कोरोनाको बारेमा धेरे कुरा राख्यौ । धेरै बहसहरु गर्यौ धेरै छलफल गर्यौ । कतिपय

परिस्थिती कस्तो रह्यो भने त्यो कोरोना भाइरसले दुःख दिने काम प्रतिपक्षलाई मात्र गर्ने होकी भन्ने परिस्थिति पनि सिर्जना भयो । यसबाट उत्पन्न हुने गम्भिर परिस्थितिले प्रतिपक्षका माननीय ज्यूहरु र ती प्रतिपक्षसँग सम्वन्धित जनताहरुलाई मात्रै असर पुऱ्याउने होकी जसरी हामी प्रस्तुत भयौ । बास्तवमा हामीले जतिबेला जे बहस गरेका थियौं अत्यन्त सार्थक थियो । आवश्यकता थियो र उपलव्धी मूलक हुनुपर्छ भन्ने त्यो कुरो त्यो अहिले संयूक्त संकल्प प्रस्तावले पनि पुष्टि गरेको छ । हामीले भन्ने गर्छौ म आफैले पनि भन्ने गर्छु । महामारी बाजा बजाएर आउँदैन खबर गरेर पनि आउँदैन भनेर । मलाई के लाग्छ भन्दा हामीकहाँ आइपुग्दा सम्म कोरोना भाइरसले बाजा बजाएकै हो । जब चिनमा कोरोना भाइरस देखियो त्यसपछि नेपालसम्म आउँदाको त्यो समय खबर गरेर, बाजा बजाएर, नाचगान गरेर सबै कुरा गरेर खबर गरेकै हो । हामीले त्यतातिर जुन पर्याप्त ध्यान दिन पर्ने थियो ध्यान दिएनौ की भन्ने मलाई लाग्छ । त्यो समय भनेको त्यो त्यतिसम्म थाहा थियो । त्यो नेपालमा भित्रिन्छ भन्ने थाहा थियो । गण्डकी प्रदेशमा पनि भित्रिन्छ भन्ने थाहा थियो । आउँछ एकदिन भन्ने थाहा थियो । त्यसो हुँदा हुँदै पनि पर्याप्त तयारी गरेनौ है भनेर पटक पटक गरेनौ । हामीले हाम्रो धर्म निर्वाह गर्यौ । तर जुन हिसावले त्यो समयलाई हामीले उपयोग गर्न पर्ने थियो । हामीले गर्न सकेनौ की भन्ने लाग्छ । बास्तवमा सरकारले त्यो चाहे संघिय सरकार होस् अथवा प्रदेश सरकार होस् । सबैभन्दा ठुलो उपलव्धी लकडाउनलाई नै ठान्यौ । लकडाउन गरेपछि सबै कुराको उपचार भनेको त्यहि लकडाउन हो भन्ने तिर हामी लाग्यो । यसको मतलव अघि प्रस्तावक माननीय ज्यूले पनि भन्नु भाको छ । के हाम्रो गण्डकी प्रदेशको सरकार साचिकै चुपै लागेर बसेकै हो त । केहि कामै गरेर न । हैन मैले त्यो पनि

भन्दिन । हामीले यो गण्डकी प्रदेशमा केहि कामहरु गरेका छौ । संघीय सरकारले कहिले उपचार गर्छु, कहिले गर्दिन, फेरी गर्छु फेरी गर्दिन, अघि पछि अघि पछि । त्यो भिँगे माछाको ताल गर्दा गर्दा गण्डकी प्रदेश सरकारले एउटा प्रतिवद्धता व्यक्त गरेकै हो । हामी उपचार गर्छौं । गण्डकी प्रदेशको जनतालाई भनेर प्रतिवद्धता व्यक्त गरे । म धन्यवाद दिन चाहन्छु गण्डकी प्रदेश सरकारलाई । तर हाम्रो भनाई त्यति मात्र होइन । तयारी चै गर्नुपर्छ भन्ने हामीले यो बिचमा जुन हिसाबले तयारी गर्नुपर्ने कहि न कहि हाम्रो ढिलाई भाकै हो । विभिन्न कारणले सरकारलाई मात्रै दोष दिन्न मैले । अरु पनि थुप्रै त्यस्ता परिस्थितिहरु बन्यो होला जसले चाहेर पनि नसकेको परिस्थिति होला । तर जे हुँदा पनि सरकारले गर्न चाहे पनि जति उपलब्धि हाँसिल गर्नुपर्ने हो अझै त्यो उपलव्धी भएको छैन त । अगाडी हामीले नियमित अधिवेशनमा प्रतिपक्षको पर्तबाट यहि विषयमा संकल्प प्रस्ताव दर्ता गर्यौ । अघि मैले अघिनै निवेदन गरे । त्यति बेला यो कोरोनाले प्रतिपक्षलाई मात्र छुने हो भन्ने परिस्थिति बन्यो । हामी सान्दारका साथ त्यो प्रस्ताव असफल भयो । हामीलाई त्यसले केहि चित्त दुख्यो होला । केहि जनताको पक्षमा काम गर्दै गर्दा असफल भयो माननीय ज्यूहरुले सबैले बुझ्नुपर्ने कुरा थियो भन्ने हामीलाई लाग्यो । तर हामी एउटा परिस्थितिमा थियौ । एक न एक दिन यो हाम्रो प्रस्ताव साकार रुप लिन्छ भन्ने भाको थियो । अहिले लिएको छ । म सबै दल वास्तवमा प्रदेश सभा यो कोभिडको विरुद्धमा प्रदेश सभा एक भएर अगाडी आएको छ । म सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । वास्तवमा अघि मैले भने कामै नभाको चाहि हैन । भाछ के भन्दा सबै कामहरु अधुरा अधुरा अधुरा भाछ । एउटा उदाहरण दिन्छु । मैले अघिल्लो पटक पनि भनेको थिए । म नवलपुर वासी । एउटा पिसिआर मेसिन आयो

त्यहाँ । अलि अगाडी नै आयो । हामीले तामझामका साथ एकदमै त्यसलाई हस्तान्तरण गर्यौ । लौ संघीय सरकारबाट आएको भनेपछि । संघीय माननीयज्यूको हातबाट कर कम्मलबाट एकदमै भव्य कार्यक्रमका साथमा त्यसलाई हामीले हस्तानतरण गर्यौं । त्यतिबेला लागेका थियो वा हामीले त साँचिकै केहि त गरेका थियौ त लागेको थियो । जनता यति आस्वस्त थियो । यति ढुक्क थियो । अब मलाई कोरोना लाग्यो भनेपनि मेरो परिषण गर्न मेरो अस्पतालमा हुन्छ भनेर उ ढुक्क थियो । तर दुर्भाव्य अहिलेसम्म पनि त्यो दातृ राष्ट्रले दिएको त्यो मेसिन हस्तान्तरण गर्यौं । बाजागाजाका साथमा गर्यौं । तर अहिलेसम्म पनि कोरोना लाग्दा त्यहाँ परिक्षण गर्ने परिस्थिति छैन । हो यहि निर हो हामीले गरेको कमजोरी । कहाँनिर कमजोरी भाको छ । त्यो कुरा पत्ता लगाउनु सबैभन्दा महत्वपूर्ण कुरा हो । हामीसँग दक्ष जनशक्ति नभएको हो की । हामीसँग व्यवस्थापनको कमजोरी नभएर हो की । यी थुप्रै कुराहरु छन् नी त । त्यो सबै खोजी गर्नु पर्छ यो संकल्प प्रस्तावले त्यतातिर पनि ध्यान दिन्छ भन्ने मलाई लागेको छ । हामीले पहलिा पर्ना भन्यौ बास्तवमा एउटा अनुगमन गर्नको लागि सरकारले हामीले यो गर्यौं भन्या छ । फिल्डमा जाँदा त्यो परिस्थिति छैन । के हो त नी कुरो । कमीकमजोरी कहाँनिर भाछ भनेर एउटा संसदिय अनुगमन समिति बनाऔ भनेर भनेको हो । माननीय मुख्य मन्त्री ज्यूलाई भेट्दा पनि हामीले सुझाव दिएकै हो । त्यसले मलाई लाग्छ । सरकारको तर्फबाट अनुगमन समिति छ । अनुगमन गरिराको होला । त्यसले कामै गरेको छैन होइन अथवा त्यसको विश्वासै हामीलाई नलागेर पनि हैन । एउटा संसदीय अनुगमन समिति बनाउँदा त्यसले घाटा हुँदैन । भनिन्छ नी मिठो बोली र गिलो भातले मान्छेलाई कहिले पनि असर गर्दैन रे । गिलो भात खाँदा नमिठो होला तर स्वास्थ्यको लागि त्यसले बेफाइदा गर्दैन भन्ने भनाई

छ । त्यस्तै एउटा संसदिय अनुगमन समिति गठन गर्यो भने सरकारले गरेको गठन गरेको अनुगमन समितिले काम त गरिराकै छ । कम्तिमा पनि यो संसद पनि जिम्मेबारी छ है जनता प्रति । अनुगमन गर्छ प्रतिवेदन ल्याउँछ, सरकारी प्रतिवेदन एउटा होला, संसदिय प्रतिवेदन अर्को ओला । बिचमा बसेर छलफल गर्ने तालमेल कहाँनिर मिलिराको छैन । कार्यान्वयन कहानिर गर्ने भन्ने बारेमा त्यो के फरक पर्छ । त्यसले अझै सरकारको मर्यादा अझै माथि हुन्छ भन्ने मलाई लाग्छ । त्यसैले हामीले यो संकल्प प्रस्तावले एउटा कुरा बोलेको छ । कोभिडको बारेमा गण्डकी प्रदेश एक ढिक्का छ । यो प्रदेश सभा एक ढिक्का छ । हामी जनताको पक्षमा छौ । र जनताको स्वास्थ्यको लागि गण्डकी प्रदेश सभा साचैनै जागरुक छ । जनताको साथमा छ भन्ने यो संयुक्त संगोलको प्रस्तावले पनि बुझाएको छ । त्यसैले अब यो प्रस्ताव अब जवाफ आउँछ । थाहा छ जवाफ के आउँछ भन्ने झण्डै झण्डै थाहा छ । तर जवाफको लागि जवाफ भन्दा पनि साचिनै कार्यान्वयन गर्ने किसिमले जानको लागि त्यो वातावरण बनाउन हामीले राष्ट्रिय सहयोग गर्नुपर्छ । हामी नेपाली कांग्रेस संसदीय दल जहिले पनि काम गर्ने वातावरण तयार पार्न जनताको पक्षमा काम गर्नको लागि जहिले पनि साथमा रहने प्रतिवद्धता सहित विदा हुन्छु । धन्यवाद जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफल गर्न समय दिन्छु । त्यसपछि माननीय सदस्य मिना गुरुङ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय यतिबेला हामी १३ ओटा बुदामा समावेश भएको गण्डकी प्रदेशको साझा संकल्प प्रस्ताव उपर छलफलको क्रममा छौ र यो छलफलमा आफ्नो भनाई राख्ने अनुमति चाहन्छु । विशेष गरेर यो कोरोना कहरको झण्डै १० महिना बित्दा नबित्दै सबै दलको साझा संकल्प प्रस्ताव .१:१२:३१........ समक्ष छलफलको विषय बनिरहेको छ । बास्तवमा यति सवेदनशील विषयमा ल्याइएको संकल्प प्रस्ताव अलिकति ढिलो भएकै हो। महामारी यूवा त्यो राजनितिक दलको अथवा सरकारको अथवा प्रतिपक्ष दलको एक्ला एक्लै समस्या थिएन । यो सबै साझाको समस्या थियो । तर पनि साझा धारणा बन्न १० महिना लाग्यो । यो बिडम्बना नै थियो । तर पनि .१:१३:०० भने जस्तै ढिलै भए पनि यो अत्यन्तै राम्रो महतवपूर्ण समयमा र समयको ढिलो भएता पनि महत्वपूर्ण विषयको प्रवेश भएको छ । यसलाई हामीले अगाडी बढाउन पर्ने र यसलाई कार्यान्वयनको चरणमा लानु पर्ने विषयहरु छन् । यो पनि हामीले संकल्प गरिरहँदा यहाँनिर बसेर दृढ संकल्प गरिरहँदा हामीले हेर्ने आँखा हामीले हेर्ने नजर सरकार तिर नै हो । किन भने यसको सम्पूर्ण कार्यान्वयनको कार्याभार सरकार समक्ष छ । सम्पूर्ण कार्यभार सरकार समक्ष भएको कारणले गर्दाखेरी डाडु पनियो चलाउने अधिकार सरकारको भएको कारणले गर्दाखेर्रा हामीले फर्केर हेर्ने कहाँ हो भन्दाखेरी सरकारलाई नै हो । त्यसकारणले गर्दाखेरी हामीले साझा संकल्प गर्दा गर्दै पनि यस्तो कार्यान्वयनको पक्षलाई द्रुत रुपमा अगाडी बढाउन प्रदेश सरकारले त्यो पहल लियोस भन्ने मैले अपेक्षा........१:१३:५० र यो सुझाव दिन चाहन्छु । बारम्बार कोरोना टेष्टको भोलुम बढाउनु पर्यो । क्वारेन्टाइनको गुणस्तर बढाउन पर्यो । आवश्यक आइसियु भेन्टीलेटरको व्यवस्था गर्नुपर्यो । आवश्यक चिकित्सक जनशक्ति परिचालन गर्नु पर्यो । कोरोनाको नि:शुल्क उपचार

दिलाउन पर्यो भनेर धेरै जसो समयमा धेरै जसो विषय र यो संसदमा बजेको आवाजहरु हो । यो आवाजहरु हामी सबैको साझा आवाज थिए । तरिका र शैली फरक थियो होला । तर यी विषयमा सरकारको कार्याशैली अन्यन्तै कमजोर थियो र छ । आजसम्म पनि यी विषयमा पर्याप्त व्यवस्थापन हुन सकेन । नेपालमा कोरोना सँगसँगै अर्को पुरानो रोग राजनिति खिचतानी ले गर्दाखेरी देख्नुभयो अहिले देश अस्थिरता तर्फ गइरहेको छ । यसले फेरी यो संकल्प प्रस्तावको भविष्य पनि के हुने हो हामीले त्यता तर्फ पनि गहिरिएर सोच्नु पर्ने जरुरी छ । जसरी अहिले राजनितिक भविष्य यो अस्थिरतातर्फ गइरहेको छ यो संकल्प प्रस्ताव जनताको महामारी विरुद्धमा आएको प्रस्ताव यो पाइटामिकको बिरुद्धमा आएको प्रस्ताव पनि कतै तिरमिराउने त हैन मलाई शंका लागेको छ तर हामी यो १:१५:१०....... के अनुरो धगर्न चाहन्छु भने यो साझा संकल्प प्रस्ताव कतै तिरिमिराउन हुँदैन कतै डगमगाउनु हुदैन र कतै तरंगति हुन हुँदैन भन्ने हाम्रो पार्टीको धारणा छ । यो बास्तवमा भन्ने हो भने यसको लागि यो ढिलो भएको छ र तरपनि हामी सबैको संकल्प मानेर दृढ हुन पर्यो भने खोपको उपलव्धताको सुनिस्चितता हुनपर्छ । त्यसको लागि आवश्यक भण्डारणको व्यवस्था खोप केन्द्रको स्थापनापन तथा व्यवस्थापन खोपको लागि आवश्यक मापदण्डका लागि सरकार पुर्ण रुपमा तयार भएर बस्नु पर्छ । Ready to go भन्ने अवस्थामा सरकार तयार भएको बस्नु पर्छ । माननीय सभामुख महोदय अबको गति भनेको कोभिडको खोप निःशुल्क उपलवध गराउने, भण्डारणको व्यवस्था गर्ने, खोप केन्द्र सञ्चालन गर्ने, खोपको मापदण्ड तयार गर्ने
र सर्वोत्तम फ्रण्ड लाइनमा काम गर्ने जुन स्वास्थ्य क्षेत्रमा, सुरक्षा क्षेत्रमा काम गर्ने साथ साथै शिक्षा क्षेत्रमा काम गर्ने जनशक्तिको लागि पनि यो खोपको

व्यवस्था हुनु पर्छ । पहिलो चरणको खोपको व्यवस्था हुनुपर्छ । कुनै देशको भविष्य उजार गर्ने देशको लागि आवश्यक जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रलाई अहिले पनि हाम्रो हेर्ने दृष्टिकोण के छ भने त्यसलाई हे को दृष्टिकोणमा हेरिरहेका छौं । भोलिका लागि देशको कर्णदार जनशक्ति तयार गर्ने अवस्थालाई चाहि सरकारले यसलाई हे को दृष्टिकोणले हेर्नु हुदैनथ्यो । हिजो पनि त्यो गल्ती भइरहेको छ । अब फेरी यो खोपको सुरक्षित दिलाउने सन्दर्भमा पनि यो गल्ती नहोस् त्यसकारणले गर्दा प्रथम चरणमा यो शिक्षा क्षेत्रमा पनि समावेश गरेर जानु पर्छ । १:१६:५३.... पिपुलहरु जो जेष्ठ नागरिक छ । बालबालिका छ त्यसले पनि यो पहिलो चरणको खोप प्राप्त गर्ने अवसर सिर्जना गर्नुपर्छ र त्यो प्राप्त गर्नुपर्छ भन्ने तिर पनि दृढ संकल्प भएर जानुपर्छ र सरकारले त्यो तर्फपनि विशेष पहल कदम लिनुपर्छ । हामीले पनि सक्दो सहयोग हाम्रो दलको तर्फबाट हामीले के कस्तो सहयोग गर्न सक्छौ त्यो सहयोग गर्ने हामीले प्रतिवद्धता पनि जाहेर गर्न चाहन्छौं र यो शिक्षा क्षेत्रलाई सरकारले Most Priority मा राख्न सकेको छैन र शिक्षा जस्तो अति गहन विषयलाई Minimize गर्दै जाने हो भने भोली देशको भविष्य के हुने देशका लागि कणदार गर्ने क्षमतालाई हामीले त्यसरी नजर अन्दाज गर्नु हुँदैनथ्यो र यो संकल्प प्रस्ताव यो .१:१७:४५५ पुर्ण कार्यान्वयनको सफलताको हामी सबैले शुभकामना दिऔं । मैले पनि शुभकामना दिन्छु र यसै गरेर सरकारले यो विषयमा अति गम्भिर भएर अगाडी बढोस् । किनभने हामीले हेर्ने दृष्टिकोण भनेको सरकारलाई नै हो । किनभने हामीले हेर्ने भनेको सरकार नै हेर्ने हो । सरकार तर्फ नै फर्कने हो । त्यसकारणले गर्दा यस विषयमा महत्वपूर्ण समय दिएर यो विषयमा अत्यन्तै जनताको रक्षालाई जिवनरक्षालाई

महत्वपूर्ण समय दिएर सरकार अगाडी बढोस् । हामी शुभकामना व्यक्त गर्दै मेरो भनाई यहि अन्त्य गर्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री मिना गुरुङलाई छलफल गर्न समय दिन चाहन्छु ।

## माननीय मिना गुरुङ

माननीय सभामुख महोदय आज हाम्रो सम्मानीत सभामा हाम्रो यो जुन कोभिड १९ बाट जनता माथि हामी सम्पूर्ण मानव माथि नै भइरहको यो संक्रमित र यो रोग नियन्त्रण गर्नको लागि संकल्प प्रस्ताव १३ बुदाको रुपमा आएको छ । यो विशेष अधिवेशमा यसै सन्दर्भमा मलाई पपनि केहि बिचार राख्ने अवसर दिनु भएकोमा माननीय सभामुखलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । अहिले यतिबेलाा नेपाल सरकारले लिएको जुन नेपाल र सुखी नेपालीको जुन संकल्प साकार गर्न वा हामीले यतिबेला गरेका कार्यहरुको केहि छलफल गरिरहेन क्रममा मुख्यमन्त्रीको अध्यक्षतामा गठित उच्च स्तरीय निर्देशन समिति कोभिड १९ crisis management center ले गरेका नितिगत निर्णय स्थलगत निरिक्षण र अनुगमन तथा नेपाल सरकार तथा स्थानीय तह र जिल्ला स्तरीय सिसिएमसिसिसँग सहकार्य जस्ता विषय अनि यसै आर्थिक मामिला तथा योजना मन्त्रीको संयोजकत्वमा कोभिड १९ को रोकथाम नियन्त्रण तथा व्यवस्थापन सम्वन्धि समन्वय समितिको गठित भएको कुरा यसै गरी कोरोना भाइरस रोगको रोकथाम नियन्त्रण र उपचार कोष खडा भएको कुरा सामाजिक विकास मन्त्री ज्यूको संयोजकत्वमा कोष सञ्चालन समिति गठित भएको कुरा र यसको साथसाथमा यति बेला हामीले

भुल्न नहुने कुरा मेलो मुख्य मन्त्री ...........१:२०:४०..... रुमबाट कोभिड १९ को रोकथाम नियन्त्रण तथा व्यवस्थापन गरीरहने क्रममा मुख्यमन्त्री जयूले स्वयं आफुले जनताको स्वास्थ्य अवस्थाको जानकारी लिने कुरा जिवन रक्षा कोष हामीले सृजना वा स्थापना गरेको विषय र माननीय मुख्य मन्त्रीज्यू स्वयं हरेक ठाउँमा स्थलगत भ्रमण गरेका कुराहरु अनुगमन गरेको कुराहरुलाई पनि हामीले विर्सन हुँदैन । आजको यो संकल्प प्रस्ताव भित्र म भन्न चाहन्छु । १३ वटा बुदा संकल्प प्रस्ताव सामुहिक रुपमा आउनु ज्यादै खुसीको कुरा छ । ज्यादै हाम्रो लागि अब आगामी दिनमा हामीले कामहरु सहजसँग गर्न सक्छौ भन्ने हामीलाई संकेत गराउँछ भन्ने मलाई लाग्छ । र यतिबेला हामीले जे संकल्प प्रस्ताव ल्याएका छौ त्यो संकल्प प्रस्ताव हामीलाई सकारात्मक बाटो इङ्कित गर्न र सकारात्मक बाटो देखाउछ र हाम्रो एक्यवद्धताबाट हामीले हाम्रो प्रदेश बासीलाई हामीले यो कोभिड १९ बाट सुरक्षा प्रदान गर्न सक्छौ भन्ने विषयमा मैले एउटा ठुलो आसा लिएको छु । तर त्यसो भनिरहँदा पनि यतिबेला गण्डकी प्रदेशको यसको तथ्याङ्क मैले लिँदा अहिले हाल चाहि कुल संक्रमित १५२२८ मैले पाए भने निको भएको संख्या १४३६३ रहेछ यसैगरी सक्रिय संक्रमित ५०० भएको पाएको छु भने निको भएको चाहि १९७ रहेछ । यो तथ्याङ्कलाई हेरि रहँदा खेरी हामीले अहिले यहाँनिर यो कोभिड १९ कसरी आयो किन आयो यसलाई के गर्न पर्थ्यो भन्ने जुन किसिमको एउटा विचार विमर्ष गरिहेका छौ छलफल चलाइरहेका छौ । हुन त यो भ्याली पिटेर आएको त हैन । तरपनि यहाँनिर यो अचानक आएकै विषय हो । यसलाई म भन्न चाहन्छु । यो भ्याली पिटेर नआइकन अचानक आएको हुँदा यो यसले चाहि हामीलाई एककिसिमको त्रास र चुनौती सृजना गरेको हो । भ्याली पिटेर आउने सन्दर्भमा अघिनै एकजना माननीयले भन्नु भएका केहि कुरा

चिनमा वुहान शहरबाट हामीले यो समाचार पाइसकेपश्चात चाहि हामी नेपाली जनहरुमा एक किसिमको त्रास फैलिएको थियो । जसलाई नेपाल सरकारले तुरुन्त जुन किसिमको लकडाउन गरेर नेपाली जनताहरुलाई सुरक्षित राख्ने ठुलो मिहेनत गरेको थियो । जुन एउटा काम पनि गरेकै हो । त्यसबाट हाम्रा श्रमजिवी वर्गलाई गरिखाने समुदायलाई ठुलो मार परेपछि फेरी यसले तुरुन्त अर्को किसिमको अर्को परिणाम सृजना हुन जाँदा हाम्रो सरकारलाई प्रदेश सरकारलाई ठुलो समस्या सृजना भएको कुरा जानकारी गराउन चाहन्छु । माननीय सभामुख महोदय विश्व व्यापी यो कोरोना भाइरसले विश्वमा आतंकित भएको अवश्था छ । यसलाई रोकथाम को लागि WHO को निर्देशन पालना कति गरेका छन् त ? हामी आफ्नो जिवनलाई कहिले बन्द त कहिले खुल्ला अवस्थामा यो कसैको पनि इच्छाले आएको हैन । हाम्रो वाध्यता बनेको छ । यो कोभिड १९ अचालन संक्रमित हुने क्रममा जनस्वास्थ्यको मापदण्डको व्यवस्था र जिवन दैनिक चलाउन काम गर्नु परिरहेको अवस्थामा संक्रमण पनि बढीरहेको कुरामा हामी सहमत छौ एक अर्का प्रति यो कुरा हामी दुई मत राख्न सक्दैनौ । कोभिड १९ को प्रभाव अहिले झट्ट हेर्दा कम देखिएको होकी जस्तो भन्ने गर्छन् त्यो भन्ने भान भएको देखिन्छ । यो युरोपेली मुलुकहरुमा कोभिडको दोस्रो र कतै तेस्रो लहर चलेको छ । ७० प्रतिशत द्रुत गतिमा सर्ने नयाँ प्रकृतिको नयाँ कोरोना भाइरस नेपाल जस्ता मुलुकहरुका लागि ज्यादै नै खतरनाक हुनसक्छ । यसमा पनि हामी अब छिटै सजक र सतर्क हुनपर्छ भन्ने कुराका यस्ता संकल्प प्रस्तावले अझै ...........१:२४:१८ ....... देखाउन सक्छ भन्ने मैले विश्वास लिएको छु । संघीय सरकारले केहि महिना अगाडी ३०० वटा स्थानीय तहमा

एकैपटक अस्पताल निर्माणको प्रक्रिया अगाडी सारेको छ । यो हाम्रो देशको लागि एउटा उपलव्धी पनि हो भने सम्पूर्ण नेपाली जनताको लागि एउटा खुसीको कुरा हो । अस्पतालहरुको .................. गर्ने आइसियु र भेन्टीलेटर थप्ने त्यसका लागि आवश्यक जनशक्ति बढाउने लगायतका कोभिड लक्षित कार्यक्रम गरी खोपलाई ७२ प्रतिशत नागरिकका लागि निःशुल्क उपलव्ध गराउने तयारीमा रहेको कुराले पनि हामीलाई खुसी नै तुल्याएको छ । माननीय सभामुख महोदय यो खोप निःशुल्क वितरणका लागि प्रदेश सरकारले पनि अब मापदण्ड तयार गर्दा पहुँचको आधारमा हैन आवश्यक व्यक्ति र आधारभूत तहका व्यक्ति नछुटुन भन्ने पनि मेरो यतिबेला सम्मानीय सभामा माननीय सभामुख मार्फत म राख्न चाहन्छु । कोरोना विरुद्धको खोप निःशुल्क लगाउने अभियानमा सबैलाई सहभागी र सबैलाई सक्रिय सक्रिय बनाउन प्रदेश सरकारको ध्यान पुगोस भन्ने पनि म निवेदन गर्न चाहन्छु । माननीय सभामुख महोदय ...................१:२५:१७ ........ ८ डिग्रीको खोप भण्डारण गर्ने क्षमता केहि भएतापनि माइनस तापक्रमा खोप भण्डारण गर्ने ठाउँको भने अभाव भएको हामीलाई महशुस छ । हामीसँग कोभ्याक्सबाट आउने २० प्रतिशत भण्डारण गर्ने क्षमता नेपालमा पर्याप्त छैन । गण्डकी प्रदेशमा ९००० लिटर खोप भण्डारण क्षमता भएको एक तथ्याङ्कले पनि देखाएको छ । यसलाई हामीले अब छिटो बढाउन पर्ने पनि देखिन्छ । कोरोना भाइरस विरुद्धको खोप ल्याउन नेपाल सरकारले खोप उत्पादक देशसँग गरेको कुटनितिक प्रयासलाई भने प्रशंसा नगरि रहन सक्दैनौ । वर्तमान सरकार विरुद्ध जति नै प्रचार गरेपनि खोप भने छोटो समयमा नै ७२ प्रतिशत नागरिकलाई खोप निःशुल्क ल्याउनको लागि जुन प्रयास भएको छ यो ज्यादै सम्मानीय कार्य भएको म भन्न चाहन्छु र यसको लागि म सरकारलाई

एकपटक फेरी भन्न चाहन्छु । भ्याक्सिनको कुरा गर्दा अहिले यतिबेला ११ वटा भ्याक्सिनहरु तेस्रो चरणमा पुगेको हामीले सुनेका छौ भने ती मध्ये ३ वटा भ्याक्सिनको प्रभावकारिता ९० प्रतिशत भन्दा माथि रहेको दावी पनि गरिएको छ । हामीले लगाउँदा बढी प्रभावकारी हुने भ्याक्सिनको प्रयोग गर्नु पर्ने कुरामा प्रदेश सरकार सचेत छ भन्ने कुरामा म विश्वस्त छु । कोभिड १९ को रोकथाम नियन्त्रण र उपचारको कार्य वा प्रभावकारी बनाउन जुन किसिमको कार्यहरु अहिले हाम्रो प्रदेश सरकार हाम्रो गण्डकी प्रदेशमा भइरहेको यसमा सरकारी अस्पतालहरुमा निःशुल्क जुन किसिमको कोभिड १९ को उपचारहरु भइरहेको कुरा पनि सम्पूर्ण हाम्रो यो माननीय सभामुख मार्फत हाम्रो सम्माननीय सभाका सम्पूर्ण माननीय ज्यूहरुलाई थाहा भएकै कुरामा म विश्वस्त छु । त्यसैले गर्दा इच्छा शक्ति जहाँ छ त्यहाँ उपाय जति पनि निस्किन्छ भन्ने त भनिन्छ तर उपाय हुँदाहुँदै पनि कहिले कहिले हामीले जुन इच्छा शक्ति लगाएर काम गर्छौ त्यो इच्छा शक्तिमा केहि न केहि त्रुटीहरु केहि न केहि कमजोरीहरु हुनुको पछाडी हाम्रा काम गर्ने जुन किसिमको तहमा हाम्रो तह तहमा तह भित्र कार्यान्वयनको पाटोका केहि कमजोरी हुन सक्छ । त्यसलाई प्रदेश सरकारले आजको जुन १३ वटा बुँदा अन्तर्गत रहेर हामीले जुन सामुहिक संकल्प प्रस्ताव पाश गरेका छौं । पास गर्नका लागि हामी छलफल गरिरहेका छौ । यसबाट भोलि हामी काम गर्नमा अब उत्साहित हुन सक्छौ भन्ने मलाई लाग्छ । म धन्यवाद दिन चाहन्छु यतिबेला हाम्रा ती स्वास्थ्य कर्मीहरु हाम्रा ती सुरक्षा कर्मीहरु, हाम्रा ती जनप्रतिनिधिहरु हाम्रा सरकार प्रदेश सरकार जसले कोभिड १९ बाट आफ्नो प्रदेश बासीलाई बचाउनको लागि जुन जुन अहम भूमिका खेल्नु भएको छ । अहोरात्र खटेर यो ज्यादै नै प्रशंसनीय रहेको छ । तथापी कोभिड १९ बाट प्रभावित दैनिक

ज्यालादारी गरी जिवन गुजारा गर्ने नियमित मजदुर गर्ने गरिब र निमुखा व्यक्तिलाई लकडाउननको अवधिमा जिवन निर्वाहिका लागि जुन एउटा राहत वितरण भएको थियो । त्यसमा धेरै कुराहरु समस्या आयो । त्यसैले छिटो भन्दा छिटो यो पञ्जीकरण गरेर हाम्रा श्रमिकहरुको हाम्रा ती निमुख जनताको हामीले तथ्याङ्कहरु पनि बनाइराख्नु पर्छ । किन की भोलि खोप लगाउँदा पनि त्यसमा कुनै समस्या नआओस् भन्ने कुरा पनि म आज सम्मानीय सभामा अनुरोध गर्न चाहन्छु । यति कुराहरु राख्दै अहिले जुन १३ वटा बुदामा आएको सामुहिक संकल्प प्रस्तावले अब हामीले छिटै हाम्रो यो कोभिड १९ बाट हाम्रा प्रदेश बासीहरुको जिवन रक्षाको लागि हामी एकजुट भएका अगाडी लाग्नुमा हामीलाई यसले ठुलो मद्दत दिनेछ भन्ने मेरो भनाईहरु राख्दै म शुमकामना पनि छक्र्याउँदै अहिले बिदा हुन्छु । ह्वस्त धन्यवाद नमस्कार ।